# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक


## नेताहरू धर्मेन्द्र बास्तोला र ऋषि कट्टेललाई विनाशर्त तत्काल रिहा गर्न संयुक्त संघर्ष समितिको माग





काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालसहित चार राजनीतिक दलहरू सम्मिलित 'केन्द्रीय संयुक्त संघर्ष समिति'ले नेपाल कम्युनिस्ट बाँकी ७ पेजमा


वर्ष १० अङ्क ३३ पूर्णाङ्क ४५९ | २०८२ फागुन ११ गते सोमबार | Monday 23 Feb; 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।-


# निर्वाचन बहिस्कार आन्दोलन थप प्रभावकारी बन्दै

## संयुक्त संघर्ष समितिद्वारा थप संघर्षका कार्यक्रम घोषणा

काठमाडौं । फागुन २१ को निर्वाचन बहिस्कार आन्दोलन देशैभर जारी छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले १६ वटै व्यूरोका जिल्लाहरूमा निर्वाचन बहिस्कार अन्दोलनलाई प्रभावकारी रूपमा सञ्चालन गरिरहेको पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले जानकारी दिनुभएको छ ।

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल नेतृत्वको चार दलीय केन्द्रीय संयुक्त संघर्ष समितिले निर्वाचन बहिस्कार आन्दोलनको दुई चरणका कार्यक्रमहरू घोषणा गरेको छ ।

संयोजक गजुरेलले जारी गरेको वक्तव्यमा पहिलो चरणमा क) फागुन ८ देखि १२ गतेसम्म आगामी संसदीय निर्वाचन बहिष्कारको पक्षमा गाउँ, टोल र वडासम्म पर्चा वितरण, घरदैलो र कोणसभाहरू गर्ने । र, दोस्रो चरणमा- ख) फागुन १३ देखि १८ गतेका बीचमा स्थानीय अनुकूलता हेरी इटहरी, जनकपुर, चितवन, काठमाडौं, बुटवल, दाङ, बर्दिया, धनगढी लगायतका शहरहरूमा बहिष्कार सभाहरू आयोजना गर्ने लगायतका घोषणा गरिएको छ ।

वक्तव्यमा सुशीला कार्की नेतृत्वको कठपुतली सरकारद्वारा गरिएको धर्मेन्द्र बास्तोला र ऋषि कट्टेलको गिरफ्तारीको विरोध गर्दै उहाँहरूको अविलम्ब रिहाइको माग गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "आज फागुन ७ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध केन्द्रीय संयुक्त सङ्घर्ष समितिको बैठक बस्यो । बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस-विज्ञप्ति जारी गरिएको छ ।

१. बैठकले सुशीला कार्की नेतृत्वको कठपुतली सरकारद्वारा गरिएको कमरेड धर्मेन्द्र बास्तोला र कमरेड ऋषि कट्टेलको गिरफ्तारीको विरोध गर्दै उहाँहरूको अविलम्ब रिहाइको माग गऱ्यो ।

२. बैठकले निर्वाचन बहिष्कार आन्दोलनको दुई चरणका कार्यक्रम तय गरेको छ ।

क) फागुन ८ देखि १२ गतेसम्म आगामी संसदीय निर्वाचन बहिष्कारको पक्षमा गाउँ, टोल र वडासम्म पर्चा वितरण, घरदैलो र कोणसभाहरू गर्ने ।

ख) फागुन १३ देखि १८ गतेका बीचमा स्थानीय अनुकूलता हेरी इटहरि, जनकपुर, चितवन, काठमाण्डौ, बुटवल, दाङ, बर्दिया, धनगढी लगायतका शहरहरूमा बहिष्कार सभाहरू आयोजना गर्ने ।

एकल र संयुक्त रूपमा घोषित संघर्षका कार्यक्रमहरूलाई जिल्लाको सापेक्षतामा कार्यक्रम भइरहेको प्रवक्ता ओलीले जानकारी दिनुभयो ।




यसैबिच, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला समिति अर्घाखाँचीले "साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचन बहिष्कार गरौं, संयुक्त स्वाधीन सरकार गठन गरौं" भन्ने मूल नारासहित जिल्लाका विभिन्न स्थानमा प्रचारप्रसार अभियान सञ्चालन गरेको छ ।

मालारानी गाउँपालिका र सन्धिखर्क नगरपालिकाका विभिन्न वडामा पर्चा वितरण, घरदैलो भेटघाट तथा मतदातासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको हो। अभियानका क्रममा पार्टीका कार्यकर्ताहरूले वर्तमान संसदीय व्यवस्थाप्रति आफ्नो असहमति व्यक्त गर्दै वैकल्पिक राजनीतिक संरचनाको आवश्यकता औंल्याएका थिए ।

जिल्ला समितिका प्रतिनिधिहरूले निर्वाचन प्रक्रियालाई "साम्राज्यवादद्वारा प्रभावित" बाँकी ८ पेजमा

### फागुन २१ को निर्वाचन सशक्त बहिस्कार गर्ने अखिल (क्रान्तिकारी)का नेताहरुको उद्घोष




❑ गोविन्द पौडेल

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट नेपाल निकट अखिल (क्रान्तिकारी)का नेताहरूले आसन्न फागुन २१ को निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने उद्धोष गरेका छन् । संगठनको हालै सम्पन्न राष्ट्रिय सम्मेलनले गरेका निर्णयहरू सार्वजनिक गर्नका निम्ति आयोजित पत्रकार सम्मेलनमा विद्यार्थी नेताहरूले यस्तो उद्धोषण गरेका हुन् ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै संगठनका नवनिर्वाचित अध्यक्ष महेश श्रेष्ठले भन्नुभयो, "फागुन २१ को चुनाव भनेको ०८४ चुनाव ०८२ सारेको मात्र हो । यो चुनावले मुलुकलाई नयाँ केही दिनै सक्दैन । राज्यका उत्पीडित,सीमान्तकृत दलित, महिला, मुस्लिम लगायतलाई यो चुनावले कुनै अधिकार दिनै सक्दैन । दिनप्रतिदिन देशमा सङ्कट गहिरिँदै बाँकी ७ पेजमा

# अमरगढी नगरपालिका-६ का स्थानीय बासिन्दाले आगामी प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने

अमरगढी । डडेल्धुरा जिल्ला अन्तर्गत अमरगढी नगरपालिका-६ का स्थानीय बासिन्दाले आगामी प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका छन् । फोहोरमैला व्यवस्थापनको विषयलाई लिएर असन्तुष्टि जनाउँदै उनीहरूले हिजोऔपचारिक घोषणासभा नै आयोजना गरेर चुनावमा सहभागी नहुने निर्णय सार्वजनिक गरेका हुन् ।

स्थानीयका अनुसार नगरपालिकाले सुरुमा अमरगढी-५ भजनपुर नजिकैको गुनेगाड क्षेत्रमा कागती खेती गर्ने योजना रहेको जानकारी दिएको थियो । तर पछि सोही स्थानमा फोहोर फाल्न सुरु गरिएको भन्दै उनीहरू आक्रोशित बनेका छन् । फोहोरविरुद्ध संघर्ष समितिका अध्यक्ष गंगा ताम्राकारले नगरपालिकाले वास्तविक योजना लुकाएर जनतालाई भ्रममा पारेको आरोप लगाए ।




उनले उक्त क्षेत्र फोहोर व्यवस्थापन केन्द्रका लागि उपयुक्त नभएको भन्दै पटक-पटक विरोध जनाए पनि माग बेवास्ता गरिएको बताए । बस्ती नजिकै रहेको, खानेपानीका मुहान, सिँचाइको स्रोत तथा विद्यालय जाने बाटोसमेत प्रभावित हुने भएकाले सो स्थान अनुपयुक्त बाँकी ७ पेजमा

## नवलपरासी सदरमुकाम परासीमा उम्मेदवारको कार्यालय र घरमा कालो झण्डा !




नवलपरासी । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले सदरमुकाम परासीमा उम्मेदवारको पार्टी कार्यालय र घरमा कालो ब्यानर राखेको छ । नवलपरासी क्षेत्र नम्बर दुइका काङ्ग्रेस उम्मेदवार भिम बहादुर थापाको सुनवल बजारस्थित घर, एमाले उम्मेदवार लेखनाथ खरेलको भुमही बजारमा रहेको घर र कार्यालय , परासीमा रहेको रास्वपा उम्मेदवार नगेन्द्र गुप्ताको घर, परासीकै जिल्ला प्रशासन कार्यालयबाट पश्चिम तर्फ रहेको राप्रपाको जिल्ला कार्यालय र वाइपास रोडमा रहेको प्रलोपाको कार्यालयमा क्राकपा नेपाल कालो झण्डा राखेको जनाएको छ । यस अघि सोमबार जिमिरेभार बजारमा रहेको चौधरीको चुनावी कार्यालय, महलबारीमा रहेको एमाले उम्मेदवार राम प्रसाद पाण्डेयको निवासको प्रबेशद्वार , नेकपा उम्मेदवार सिन्धु जलेशा बुढाथोकीको बाँकी ७ पेजमा

## सेना दिवसमा अमेरिकी सेनाको परेडबारे क्रान्तिकारी कम्युनिस्ट पार्टीको वक्तव्य : 'परम्परा' र 'नियमित प्रक्रिया'का नाममा नवउपनिवेशको माध्यम बन्नु देशद्रोही र कृतघ्न कार्य




काठमाडौं । नेपाली सेना दिवसका अवसरमा २०८२ फागुन ३ गते सैनिक मन्चबाट नेपालका राष्ट्रपति तथा नेपाली सेनाका परमाधिपति र प्रधानमन्त्रीले परेड मैदानमा अमेरिकी सेनाको परेड-नृत्य हेरिरहेको दृश्यले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण गरेको उल्लेख गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले जेनजी "विद्रोह" मा नेपाली जनताको विश्वास गुमाएको नेपाली सेनाले पुनः बचेखुचेको साख पनि गुमाएको ठहर गरेको छ ।

पार्टीका प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, "हरेक देशको सेना त्यस देशको सार्वभौम सत्ता र स्वाधीनताको रक्षक हुनुपर्नेमा "परम्परा" र "नियमित प्रक्रिया" का नाममा नवउपनिवेशको माध्यम बन्नु देशद्रोही र कृतघ्न कार्य हो । हाम्रो पार्टी सरकार र सेनालाई आधिकारिक धारणा सार्वजनिक गर्न तथा देशको रक्षाका लागि राज्यसंयन्त्र बाँकी ७ पेजमा

## चुनावी घोषणापत्र: समग्रतामा झुठा आश्वासन मात्र



● सन्तबहादुर नेपाली ●

बुर्जुवा संसदीय व्यवस्थाभित्र हुने निर्वाचनबाट निर्वाचित संसदलाई लेनिनले "खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो" भनेर टिप्पणी गर्नु भएको थियो । सामन्ती निरंकुश तानाशाही व्यवस्था भन्दा बुर्जुवा संसदीय व्यवस्था एक पाइला प्रगतिशील हुन्छ । त्यस कुरालाई अस्वीकार गर्न सकिंदैन । तर आम शोषित उत्पीडित, सर्वहारा तथा गरिब किसान, मजदुर जनताको अधिकार तथा देशको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता समेत समग्र राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना निर्माणका हिसाबले त्यो जनविरोधी र प्रतिक्रियावादी व्यवस्था नै हो । नेपालको हकमा पनि ०६२/६३ को जनआन्दोलन पश्चात् ०६४ र ०७० को संविधान सभा तथा ०७२ मा निर्मित संविधान र त्यो अन्तर्गत सम्पन्न भएका निर्वाचन र त्यसबाट निर्वाचित संसद लेनिनले भने जस्तै खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो बनेको छ ।

सुशिला कार्की नेतृत्वको कठपुतली सरकारले आगामी फागुन २१ गते आम निर्वाचन गर्ने भएको छ। यो निर्वाचनमा तीन हजार चारसय चौरासी जना उम्मेदवारले उम्मेदवारी दिएका छन् । ती मध्ये एक हजार एक सय सतासी स्वतन्त्र तर्फका छन् भने दुई हजार दुई सय सन्तानब्बे जना ठूला साना दर्तावाला दलहरूबाट उम्मेदवार छन् । उम्मेदवार दिएका मध्ये करिब दश प्रतिशत मात्र महिला उम्मेदवार रहेका छन् । अहिलेसम्म करिब करिब सबै पार्टीहरूले आफ्नो घोषणपत्र वा प्रतिबद्धता पत्र सार्वजनिक गरिसकेका छन् । कांग्रेस र एमाले बाँकी छन् । रास्वपाले 'नागरिक करार' सार्वजनिक गरेको छ। पूर्ण प्रतिबद्धता पत्र उसले फागुन ७ गते कर्णालीबाट सार्वजनिक गर्ने भनेको छ। अहिलेसम्म पालैपालो गरी शासन गरेका कांग्रेस, एमाले बाँकी ७ पेजमा

## सम्पादकीय

# बन्दुकको घेराभित्र चुनाव, आतंकित जनता

हालै प्रधानमन्त्री सुशिला कार्कीले निर्वाचन बहिस्कार आन्दोलन सञ्चालन गरिरहेका पार्टीहरूलाई लक्षित गरी फासिवादी अभिव्यक्ति दिइन् । उनले बहिस्कार आन्दोलन सञ्चालन गरिरहेका पार्टीहरूको राजनीतिक अस्तित्वमाथि नै धावा बोलेकी छन् । फरक सिद्धान्त, विचार र राजनीतिको अस्तित्व देख्न नचाहने र नसहने प्रवृत्ति र दृष्टिकोण फासिवादी दृष्टिकोण हो । विरोध र आलोचना, फरक मत र प्रतिस्पर्धालाई लोकतन्त्रको सौन्दर्य मानिन्छ । तर लोकतन्त्रको आवरणमा साम्राज्यवादीहरूको कठ्पुतली सरकार चलाइरहेकी सुशिला कार्कीले यो देशका सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूमाथि गरेको तुच्छ, अराजनीतिक र स्तरहीन टिप्पणी गर्नुले उनको आफ्नो आफ्नो वर्गचरित्र र विदेशीको दलाली स्पष्ट हुन पुगेको छ । बहिस्कार आन्दोलन चलाइरहेका चार दलीय वाम शक्तिहरूबाट सुशिला कार्की सरकार निकै भयभित र आतंकित बनेको प्रमाण पनि उनको यस्तो टिप्पणी । उनले आफ्ना मालिकहरूलाई खुशी पार्न बहिस्कार आन्दोलन गरिरहेकाहरूमाथि यस्तो टिप्पणी गरेको अहिले राजनीतिक रूपमा चर्चा चलिरहेको छ ।

फागुन २१ को निर्वाचन नजिकिदै जाँदा धेरैभर द्वन्द्वको स्थिति देखापरेको छ । मधेसका जिल्लाहरूमा धार्मिक द्वन्द्वका झिल्काहरू देखिएका छन् । रास्वपाका कार्यकर्ताहरूले एमालेको झण्डा जलाइदिएकोले मशाल जुलुसहरू भइरहेका छन् । अर्कोतिर पूर्वराजा ज्ञानेन्द्रले पनि सर्वपक्षीय सहमति नगरी निर्वाचनमा नजान सुझाव दिएका छन् । केन्द्रीय संयुक्त संघर्ष समितिका सदस्यहरू नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोला, नेकपाका अध्यक्ष ऋषि कट्टेल लगायतका नेता कार्यकर्ताहरूलाई प्रहरीले पक्राउ गरिएको छ । निर्वाचन बहिस्कार गरेका दुर्गा प्रसाईले पक्राउ गरेको छ । यी सबै घटनाक्रमले देशमा सरकारले मुख्यतः सेनाले बन्दुकको बलमा जबर्जस्त निर्वाचन गराउन कोशिस गरेपनि वास्तविक रूपमा निर्वाचनका निम्ति आम श्रमजीवी, जनता, शोषित उत्पीडित वर्ग र समुदाय निर्वाचनका लागि उत्साहित छैन । उनीहरूले यो चुनावको कुनै अर्थ र औचित्य देखेका छैनन् । ७६ जनाको रगतको मुख्य एक थान चुनाव नभएर देशको आमूल परिवर्तन भएको जनेजी अगुवाहरूले नै बताउँदै आएका छन् ।

यस पृष्ठभूमिमा नेपाली सेनाको ८० हजार, सशक्त प्रहरी, नेपाल प्रहरी, म्यादी, राष्ट्रिय अनुसन्धान आयोग, अन्य सुरक्षा एजेन्सीहरूको समेत परिचालन गरेर बन्दुकको घेराभित्र निर्वाचन गराउन खोजिएको छ । बन्दुकको घेराभित्र गरिने चुनावमा जनताले हालेको मतको कसरी सुरक्षा हुन्छ । जनतालाई यसले सुरक्षा होइन, मनोवैज्ञानिक रूपमा ठूलो आतंक सिर्जना गरेको छ । निर्वाचनमा खसेको मत असुरक्षित हुने र जसलाई साम्राज्यवादी विस्तारवादी शक्तिले सत्तासिन बनाउन चाहेका हुन्, त्यही पार्टी र व्यक्तिलाई जिताउने तयारी भित्रभित्रै गरिएको राजनीतिक वृतमा भइरहेको छ । पहिलो घेरा र अन्तिम घेरामा सेना र बिचमा सशस्त्र र जनपद प्रहरी परिचालन गरिएको छ । यसबाट जनताले सुरक्षितभन्दा थप असुरक्षित महसुस गर्ने बातावरण बनेको छ । साम्राज्यवादी शक्तिहरूले जेनजी विद्रोहपछि हुन लागेको यो चुनाव र यसको परिणामलाई आफ्नो पक्षमा पार्ने मौकाको रूपमा लिएका छन् । यसपट आफू अनुकूलको शक्तिलाई सत्तासिन बनाएर एसपीपी सम्झौता गराउने दाउमा अमेरिका रहेको विभिन्न स्रोतहरूको विश्लेषण छ । त्यसका लागि उनीहरूले यो देशलाई माया गर्ने सच्चा देशभक्त, क्रान्तिकारी कम्युनिस्ट शक्तिलाई देखेको छ । त्यसैले साम्राज्यवादीहरूको कठ्पुतली सरकारकी प्रधानमन्त्री कार्कीको पनि यस्तो अभिव्यक्ति आएको हो । यो स्थितिमा यो देशलाई माया गर्ने आम स्वाभिमानी नेपालीहरूले विदेशी दलाल उम्मेदवारहरूलाई मत होइन, कालोमोसो दलेर गाउँ गाउँबाट लखेट्न जरुरी छ । जुन जोगी आए पनि कानै चिरेको भनेझै यो संसदीय व्यवस्थाले गर्ने हरेक चुनावमा जुनसुकै व्यक्ति आएपनि सत्तामा गएर गर्ने भनेको भ्रष्टाचार नै हो । देश र जनतालाई लुटेर विदेशी प्रभूहरूको स्वार्थ पूरा गराउन लाग्ने नै हो । तसर्थ, व्यक्ति होइन, व्यवस्था बदल्नुपर्छ, पात्र होइन प्रवृत्ति फेरिनु पर्दछ । अवस्था फेरिन व्यवस्था अपरिहार्य रूपमा फेरिनु पर्दछ । यो तथ्यको बोध सबै नेपाली जनताले बेलैमा गर्न जरुरी छ । र, मतदानका लागि जबर्जस्ती गरिने हरेक क्रियाकलापका विरुद्ध सशक्त रूपमा आवाज बुलन्द गर्नुपर्दछ । निर्वाचन बहिस्कार गर्न पाउने जनताको नैसर्गिक अधिकार हो ।


परिवर्तनको सम्वाहक

मूलबाटो

मुख्य पृष्ठ समाचार विचार कुराकानी साहित्य प्रवास खेलजगत प्रविधि सिने जगत पर्यटन ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# बढ्दो राजनीतिक समस्या र झारा टार्ने चुनावी प्रयास



● डा. केशव देवकोटा ●

**गत भदौ २७ अघि नै सर्बपक्षीय छलफल गराइएको भए हालकोजस्तो समस्या आउने थिएन । त्यसले निर्वाचनको निष्पक्षता सुनिश्चितगर्न पनि बल दिने थियो । देशका कतिपय राजनीतिक दलहरूले समेत निर्वाचनको वातावरण निष्पक्ष र विश्वसनीय बनाउन सबै दलबीच साझा समझ्दारी आवश्यक रहेको बताएका छन् । राजनीतिक विवाद समाधान गर्न निर्वाचनको मिति, प्रक्रिया, सुरक्षाको व्यवस्था, आचारसंहितालगायत विषयमा बिवाद देखिएकाले खुला छलफलमार्फत समाधान खोज्नुपर्ने अवस्था रहेको छ । निर्वाचनमा भाग नलिने तयारीमा रहेका दलहरूलाई समेत समेट्नका लागि यस्तो छलफलको आवश्यकता रहन्छ ।**

आगामी २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनले नेपालका मुख्यत संसदवादी राजनीतिक दलहरूको वास्तविक अनुहार उदाङ्ग पार्ने काम गरेको छैन । बढ्दो बिरोध र दलहरूबीचको खिचलोका कारण आगामी २१ गते तोकिएकै मितिमा निर्वाचन हुने कुनै सुनिश्चितता देखिन सकेको छैन । यसअघि क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतका चारवटा कम्युनिष्ट पार्टीहरूले आगामी निर्वाचनका बिरुद्ध आन्दोलन सञ्चालन गरेकोमा पछिल्लो समयमा देशभक्त समाज लगायतका अन्य कतिपय पार्टीहरू पनि बिरोधमा सडक आन्दोलनमा उत्रिएका देखिएको छ । पूर्ब राजा ज्ञानेन्द्र शाहलेसमेत निर्वाचनको आचित्यकाबारेमा प्रश्न उठाएपछि समस्या थप पेचिलो बनेको छ । गत भदौ २७ गते रहस्यमय ढंगले बीचैमा प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिएदेखि नै त्यसको औचित्यका बारेमा प्रश्न उठेको थियो । जब अन्तिम समयमा आएर सबै चुनावी पार्टीहरूले आआफ्नो चुनावी घोषणापत्र र प्रतिबद्धतापत्र सार्बजनिक गरे, त्यसपछि निर्वाचनको औचित्यलगायतका बिषयमा चर्को आवाज उठेको छ । किनकी नेपालको ०७२ को संविधान र त्यसअनुसार स्थापना गराइएको बिद्यमान राजनीतिक ब्यवस्थामै गंभिर प्रकृतिका खोटहरू रहेका छन् । जसको प्रायोजन अमेरिकालगायतका पश्चिमा मुलुकहरूले गरेको बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन् । उक्त प्रायोजनको मुख्य उद्देश्य नेपाललाई अस्तब्यस्त बनाएर विदेशी हस्तक्षेपलाई स्थायित्व दिनु होभन्ने कुरा पनि खुलिसकेका छन् । अब आगामी २१ गते आउन केवल नौ दिनमात्र बाँकी रहेको अवस्था छ । बर्तमान सरकार, निर्वाचन आयोग र उक्त निर्वाचनमा भाग लिने तयारीमा रहेका बिभिन्न दल तथा उम्मेदवारहरूले आआफ्नो अन्तिम तयारी गरिरहेका छन् । राष्ट्रको ठूलो सम्पति खर्च भैसकेको छ । यस्तो अवस्थामा एकाएक राष्ट्रिय समस्याको समाधान गरेर आगामी निर्वाचनमा जानेकि आगामी निर्वाचन सम्पन्न गरेर राष्ट्रिय समस्याको समाधान गर्नेभन्ने बहसले प्रबेश पाएकाले राष्ट्रको ठूलो सम्पति फेरी नोक्सान हुनसक्ने संभावना देखापरेको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले शुरुदेखि नै जनताको अवस्था फेर्न ब्यवस्था बदलौं अभियान सञ्चालन गरेको थियो । नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी) ले देशभक्त र बामपन्थीहरूको संयुक्त सरकार गठन हुनुपर्नेमा जोड दिँदैआएको छ । सो कुराको सुनुवाई नभएपछि हाल क्रान्तिकारी लगायतका चारवटा कम्युनिष्ट समूहहरू निर्वाचनको बहिष्कारको नारा लिएर अगाडि बढेका छन् । नेकपा(माओवादी) ले आफ्नो प्रस्तावलाई चुनावी अभियानको नारा बनाएर अगाडि बढेको देखिन्छ । पूर्ब राजाले एक भिडियो सन्देश जारीगर्दै आगामी निर्वाचनले नेपालका सबै समस्या समाधानगर्न नसक्ने भएकाले सो निर्वाचनभन्दा पहिले सबै पक्षबीच सहमति हुनुपर्ने बताउनु भएको देखिएको छ । तर उहाँको भनाईलाई पनि सत्ता र शक्तिमा रहेकाहरूले खासै ध्यान दिएको देखिएको छैन । मुलुकमा निर्वाचनपछि कुनै खिचातानी नहोस् भन्नका लागि शुरुमै समझदारी बनाएर जाँदा राम्रो र सही कुरा हुन्थ्यो । तर नेपालमा हालसम्म त्यस किसिमको राजनीतिक परिपाटी बस्न सकेको छैन ।

गत भदौ २३ र २४ गतेको बिध्वंश आफैमा रहस्यपूर्ण रहेको छ । सो घटनाको जति निन्दा गरे पनि कम हुन्छ । जसकाबारेमा हालसम्म बिभिन्न कोणबाट बिभिन्न किसिमका ब्याख्या र बिश्लेषणहरू भैरहेका छन् । जुन बिध्वंशमा अमेरिकी शक्तिहरूको संलग्नता रहेको देखिएपनि सरकार गठनमा भारतीय शक्तिहरूको हात रहेको देखिएको थियो । किनकी भदौ २३ र २४ को आन्दोलनले सरकार परिवर्तनको माग गरेको थिएन । तर सो आन्दोलनलाई कारण देखाएर संसदको बर्षे अधिवेशन चलिरहेकै बेला संसद बाहिरबाट, त्यो पनि ०७२ को संविधानले अनुमति नदिएका ब्यक्तिलाई प्रधानमन्त्रिमा नियुक्त गरियो । त्यस्तो नियुक्ति राष्ट्रपति रामचन्द्र पौडेलबाट भएको भएपनि सो निर्णयमा हाल नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल र सह संयोजक माधवकुमार नेपालको अथक प्रयास रहेकोभन्ने कुरा उहाँहरू आफैले सार्बजनिकरूपमा बताउनु भएको बिषय हो । त्यसरी अनिर्वाचित प्रधानमन्त्रिको त्यो पनि एकल सिफारिसमा निर्वाचित संसद बिघटन गरेर फेरी सोही संसद स्थापनाका लागि निर्वाचनको घोषणा गरियो । यसरी अनिर्वाचितको सिफारिसमा निर्वाचित भनिएको संसद बिघटन संसारमा कहीँ पनि भएको थिएन । भदौ २७ गते ब्यवस्था बदलनेगरी नयाँ जनसंविधान र जनसंसदको घानेषणा भएको हुनुपर्थ्यो । तत्कालीन संसदका प्रमुख दलका अधिकांश सदस्य र कानून ब्यवसायीहरूसमेतले उपरोक्त निर्णयकाबारेमा वैधानिकताको प्रश्न उठाउँदै बिघटित संसद पुनर्स्थापनाका लागि सर्बोच्च अदालतमा रिट दायर गरेपछि गंभिर संवैधानिक प्रश्न उठेको थियो ।

त्यसको निर्क्योल नभएसम्म निर्वाचनको प्रक्रिया अगाडि बढाइएको हुनुहुने थिएन । तर त्यसमा काग कराउँदैछ, पिना सुक्दैछभन्ने नीति लागू गरियो । जसका कारण सर्बोच्च अदालतको ०७८ को संसद बिघटन सम्बन्धी फैसलाको नजिरसमेत संकटमा परेको देखिएको छ । जतिबेला सर्बोच्च अदालतले नयाँ सरकार गठन हुने संभावना रहेसम्म संसदको बिघटन र नयाँ निर्वाचन गराउन नपाइने स्पष्ट निर्णय गरेको थियो । गत भदौ २३ को घटनालाई आधार बनाएर तत्कालीन प्रधानमन्त्रिले पद त्याग गरेपछि यदि चाहेको भए चालु अवस्थामा रहेको संसदको बैठकबाट सहजै नयाँ सरकार गठन हुनसक्ने अवस्था थियो । तर गत भदौ २७ को राष्ट्रपतिको निर्णयले संसदको गरिमालाई समेत लत्याउने काम गरेको स्पष्ट छ । यस्तो अवस्थामा नयाँ निर्वाचन अगाडिनै आगामी संसद र सरकारको स्थायित्वको सुनिश्चितताको खोजी हुनु कुनै आश्चर्यको बिषय होइन । आगामी २१ गतेको निर्वाचन सहजै सम्पन्न हुने हालसम्म त्यस्तो कुनै संभावना देखिएको छैन । सो निर्वाचन भएछ भने पनि संसद, सरकार र देश/विदेशमा समेत नेपालको राष्ट्रिय राजनीतिकाबारेमा गंभिर प्रश्नहरू उठ्ने देखिएको छ । सबैभन्दा पहिले संसदकै वैधानिकताकाबारेमा प्रश्नहरू उठ्ने छन्भने त्यसपछि सो संसदले बनाउने सरकार र कानूनलगायतका बिषयमा पनि कुरा उठ्ने निश्चित छ । २१ गतेको निर्वाचन शान्तिपूर्ण र सहज ढंगले सम्पन्न भएपनि राजनीतिक बिवादको निरूपणका लागि फेरी संसदबाटै संसदको बिघटन गराएर नयाँ संविधानको निर्माणका लागि अर्को संविधानसभा गठन गराउनुपर्ने हुनसक्छ । आगामी २१ गते हुने भनिएको निर्वाचनमा कुन दलले जित्छ र को प्रधानमन्त्रि बन्छ ? भन्ने कुरा खासै महत्वको बिषय बन्न सकेको छैन । तर हालसम्मको घटनाक्रमलाई हेर्दा यस अघिको भन्दा मिश्रित परिणाम आउने र देशको राष्ट्रिय राजनीति थप बिवादग्रस्त हुने निश्चितजस्तै भएको छ । त्यसैले भदौ २३ र २४ मा आन्दोलनको आबरणमा गरिएको बिध्वंश र भदौ २७ गते संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरेर अनिर्वाचित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसद बिघटन गर्नुगराउनु दुबै राष्ट्रघात भएको कुरामा द्विमतगर्ने ठाउँ छैन ।

यस्तो अवस्थामा सर्बदलीय र सर्बपक्षीय भेलाद्वारा केही प्रमुख बिषयहरूमा सहमति कायम गर्नुगराउनु उपयुक्त हुन्छ । कुनै पनि आवधिक निर्वाचन एक स्वाभाविक प्रक्रिया भए पनि त्यो निर्वाचनको औचित्यकाबारेमा पहिले नै सुनिश्चित हुनु राम्रो हुन्छ । यदि गत भदौ २७ अघि नै सर्बपक्षीय छलफल गराइएको भए हालकोजस्तो समस्या आउने थिएन । त्यसले निर्वाचनको निष्पक्षता सुनिश्चितगर्न पनि बल दिने थियो । देशका कतिपय राजनीतिक दलहरूले समेत निर्वाचनको वातावरण निष्पक्ष र विश्वसनीय बनाउन सबै दलबीच साझा समझ्दारी आवश्यक रहेको बताएका छन् । राजनीतिक विवाद समाधान गर्न निर्वाचनको मिति, प्रक्रिया, सुरक्षाको व्यवस्था, आचारसंहितालगायत विषयमा बिवाद देखिएकाले खुला छलफलमार्फत समाधान खोज्नुपर्ने अवस्था रहेको छ । निर्वाचनमा भाग नलिने तयारीमा रहेका दलहरूलाई समेत समेट्नका लागि यस्तो छलफलको आवश्यकता रहन्छ । निर्वाचनजस्तो राष्ट्रिय महत्वको विषयमा सबै दलको सहभागिता र सहमति आवश्यक हुन्छ । गत भदौ २३ र २४ को बिध्वंश किन गराइयो र त्यसलाई कारण जनाएर भैरहेको निर्वाचित संसद बिघटन गरेर देशलाई हालको अवस्थामा किन पुर्‍याइयो ? यो नेपालको राजनीतिक इतिहासमा सबै उठिरहने प्रश्न बनेको छ । भूराजनीतिका कारणले पनि नेपालका लागि आवश्यक भनेको स्वदेशीले नै बनाएको नयाँ राजनीतिक ब्यवस्था र आत्मनिर्भर अर्थतन्त्र हो । जसकाबारेमा आगामी निर्वाचन अगाबै छलफल गरेर सर्बदलीय र सर्बपक्षीय सहमति कायम गर्नु/गराउनु बढी उपयुक्त हुने देखिएको छ ।

# प्रधानमन्त्री सुशीला कार्कीले बहिष्कार पक्षधर दलप्रति गरेको अराजनीतिक टिप्पणीको बिरोधमा नवलपरासीमा पुत्ला दहन ! प्रधानमन्त्रीको राजीनामा माग !





नवलपरासी । ‘कठपुतली’ सरकारको प्रधानमन्त्री सुशिला कार्कीले निर्वाचन बहिष्कार गर्ने दलहरू प्रति गरेको गैरराजनीतिक टिप्पणी प्रति आपत्ति जनाउदै उनको पुत्ला दहन गरिएको छ । संयुक्त संघर्ष समिति नवलपरासीले जेनजी आन्दोलनको दमनकर्ता र दुरूपयोगकर्ता दलालहरू लाई जिताउन आन्दोलनको जनभावना बिपरित साम्राज्यवादको प्रायोजनमा गरिएको जनाएको छ । संसदीय निर्वाचनको सशक्त बहिष्कार एवं कठपुतली प्रधानमन्त्री कार्कीको राजीनामा माग गर्दै नवलपरासीको -१२ जमुनिया चोकमा संयुक्त संघर्ष समिति नवलपरासीले प्रधानमन्त्रीको पुत्ला दहन गरेको समिति संयोजक रवि पाण्डेयले जानकारी दिए । प्रधानमन्त्री कार्कीले सुरक्षा समितिको बैठकमा बहिष्कार गर्ने दलहरूको संगठन र जनमत नभएकोले चुनाव बहिष्कार गरेको टिप्पणी गरेका थिए । संयुक्त संघर्ष समिति नवलपरासीमा बहिष्कारवादी चारदल आबद्ध छन ।

# नवउदारवादी अर्थनीतिले देश ओरालोतिर



● सीताराम तामाङ ●

***१)विषय प्रवेश :***

पृथ्वीनारायण शाहले सन् १७६७ बाट गोरखा राज्य विस्तार अभियान सुरु गरे । राज्य विस्तार क्रममा उनका नाती रण बहादुर शाहको पालामा सन् १७९०-९२ मा तिब्बतसँग भएको युद्धले नेपालको उत्तरी सीमाना तय गऱ्यो । त्यसरी नै सन् १८१४-१६मा भएको ब्रिटिस-इण्डियासँगको युद्धले पूर्व, पश्चिम र दक्षिणतर्फको सीमाना निर्धारण गऱ्यो । सन् १९५७ को सिपाही विद्रोह दबाउन जंगबहादुर राणाले ब्रिटिस सरकारको चाकडी गरेपछि सन् १९६० मा नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरू)फिर्ता पाए । यो नयाँ मुलुक समेतको सीमाना भएको नेपाल सरहदको सीमानाहालको सीमाना मानिएको छ । नेपाल मध्य एसियाको हिमाली श्रृखंलाको पश्चिममा नन्दां पर्वत (पाकिस्तान) र पूर्वमा नाम्चे बरुवा पर्वत (तिब्बत) बीचको भूभागको दक्षिण पाटोमाअवस्थित एउटा मझौले चीन र भारतद्वारा भूपरिवेष्ठिती देशको रूपमा रहेकोछ । यो देश जन्मले नै दुई ढुंगा-बीचको 'तरुल' भएकोले यस्को अस्तित्वको प्रश्न प्रथम र विकासको प्रश्न दोस्रो रहि आएकोछ ! अस्तित्व नभई विकास नहुने र विकास नभई अस्तित्व नबाच्ने !

आज पनि देश अति कम विकसित मुलुकको रूपमा रहेको वा राखिएको छ । यहाँका शासकवर्गले 'नेपालदेश (अस्तित्व) नरहन पनि सक्छ !' भन्ने मानसिकतासँग नेपालको विकास जोड्ने गर्दै आएका छन् । त्यसैले आज हामी यो अवस्थामा किन छौं? र यसको अस्तित्वको रक्षा र विकासको कार्यदिशा के हुन सक्तछ ? भन्नेबारे छलफल गर्नेछौं ।

***२) इतिहासमा विकासलाई कसरी हेरियो ?***

**क) प्राक-ऐतिहासिककाल :**

बौद्ध धर्मको प्रवेशबाट मात्रै नेपाली समाज (तत्कालित उपत्यका) सभ्य संसारमा प्रवेश गरेको, खेती-पाती साथै बाणिज्य-ब्यापारले पनि विकास गर्न थालेको देखिन्छ । यो कुरा कसरी पुष्टी हुन्छ भने बुद्धकै पालामा दक्षिणका ब्यापारीहरू नेपालमा आउने-जाने गर्दथे र तिनै ब्यापारीहरूको साथ लागेर केही बौद्ध भिक्षुहरू पनि उपत्यकामा आएर केही दिन बसी फर्कने गर्दथे । जिनाभित्रको 'मूल सर्वास्तिवाद विनय संग्रह' अनुसार पनि भारतीय ब्यापारीहरू (महाजनहरू) यहाँबाट धेरै मात्रामा उन र हरिताल(१)लैजान्थे भन्ने देखिन्छ । प्राक-इतिहासकालमा नेपालका आदिवासी बस्तीहरू गाउँकै रूपमा रहेको कारण यहाँका मानिस खेतीपातीका साथै हस्त सिल्पका बस्तुहरू तयार गर्दथे र तिनको ब्यापार हुनेगर्दथ्यो तर सहरको रूपमा बस्ती बसेको र उद्योगधन्दाको सुरुवात भएको प्रमाण पाइदैन ।

**ख) सामन्तीकाल :**

अ) नेपालमा (उपत्यकामा) सामन्तवादको आरम्भ लिच्छविकालबाट (पाँचौ शताब्दी) भएको हो । यो कालमा सहर निर्माणको प्रक्रियासँगै कृषि उत्पादन र हस्तसिल्पकाबीच विनिमय प्रक्रियाको थालनीले नयाँश्रम-विभाजनको जन्मभयो । एंगेल्सले यसलाई सभ्य युगकै लागि एक महत्वपूर्ण श्रम-विभाजन भनेका छन् । यो त्यस्तो वर्गको सृजना भयो, जो उत्पादनमा नभएर वस्तु विनिमयमा मात्र संलग्न हुन्थ्यो । उत्पादनकर्ता र उपभोगकर्ताका बीच एक तेश्रो व्यापारी वर्गको काम दास युगदेखि सुरु भएको थियो । तापनि एक खास पेशेवार अलग वर्गकै रूपमा परिणत(व्यापारी वर्ग) भने सामन्ती युगमा आएर भएको थियो । (२) राहुल सांकृत्यानले पनि भनेकाछन्ः नेपालमा सामन्ती युगमा व्यापारीवर्गको कारण नेपाल-तिब्बत बीचको व्यापार सुगम भएको र यो वर्गको जन्मले उत्पादकहरूलाई बिक्रिको चिन्ताबाट मुक्त मात्र गराएन कि अन्ततःउनीहरूलाई नै पनि आफ्नो अधीन बनायो । (३)वास्तवमा छैटौं शताब्दीमा तिब्बतमा राजा स्रंचगोन्पोको उदयपश्चात नेपालको तिब्बतसँगको व्यापार फस्टाएकोले नेपालमा उद्योगधन्दाको विकास भयो । लिच्छविकालमा नेपालको व्यापार भारत र चीन-तिब्बतसँग चलेको देखिन्छ । सातौं शताब्दीमा नेपाल भ्रमण गर्ने चिनियाँ यात्री हु यानच्याङको वृतान्तले पनि उक्त कुराको पुष्टि गरेकोछ । (४)

आ) ठकुरीयुगमा (पूर्वमध्यकाल) आएर मात्र नेपालमा बर्तमान नगरहरूको प्रारूप बनेका हुन । काठमाण्डौं, पाटन र भादगाउँमा नगर बसालिए । यसले परम्परागत कला, उद्योग-ब्यवसाय तथा अन्य उत्पादन र बाह्य ब्यापारमा बृद्धि भयो । चीन-तिब्बत र भारतसँगको आर्थिक सम्बन्धको विस्तारले काठमाडौं उपत्यकाको आसपासका बाटाहरूमा पनि ठाउँ ठाउँमा व्यापारिक बस्तीहरूको विकास भयो । मल्लकालमा आएर राजदरवारलाई केन्द्र मानेर तिनका वरिपरि नगरको थप विकास गरियो । उपत्यकामा अन्यत्र पनि बाक्ला ब्यवसायिक बस्तीहरू(पुरहरू) र ग्रामिण बस्तीको विकास भयो । जयस्थिति मल्लको सुधार पछि घरेलु उद्योगसँग सम्बन्धित व्यवसायहरू जातीय पेशाको रूपमा परिवर्तन हुन गयो । राजा यक्षमल्लले गरेको राज्य विभाजनले उपत्यकामा गृहकलहको वीउ रोपिए (जसले मल्लहरूको अन्त्यलाई छिटो ल्याईदियो) तापनि त्यसले उपत्यकाको अलग अलग शहरको उन्नतिमा भने सहायता नै पुऱ्यायो । तीनै शहरका राजाहरूको आपसी प्रतिस्पर्धाले गर्दा तीनै शहरहरूको निर्माण, वाणिज्य-व्यवसाय र समृद्धिमा निकै बल पुग्यो ।

यसरी लिच्छवी र मध्यकालीन नेपालमा घरेलु तथा हस्तकला सम्बन्धी उद्योगहरू र व्यापारको विकास भएको देखिन्छ । यसो हुनुमा (क) नेपाल भारत र तिब्बत-चीनको मध्यस्थ व्यापारी केन्द्र हुनु (ख) नेपालको मुद्रा तिब्बतले स्वीकार्नु (ग) तिब्बतमा उद्योग-धन्दाको विकास नहुनु र नेपाली माल सामान तिब्बतमा लोकप्रिय हुनु (घ) सरकारी नीति घरेलु तथा हस्तकला उद्योगलाई संरक्षण गर्ने खालको हुनु, आदि रहेको थियो ।

इ) युरोपमा ईसाको १८ औंशताब्दीको अन्त्यतिर सामन्तवाद ढलेर पुँजीवादको विकास सुरु भएको थियो । त्यस बखत नेपालमा, खासगरी कान्तिपुर-ललितपुर-भक्तपुर सम्मिलित नेपाल खाल्डोमा घरेलु उद्योगको विकास र विदेशसितको व्यापारले गर्दा व्यापारी (Marchantlie Capital) विकास हुदै थियो । त्यस्तो स्थितिमा पृथ्वीनारायण शाहको नेतृत्वमा रहेको गोर्खाली आक्रमणबाट नेपालभित्र गृहयुद्ध थालनी भयो । गृहयुद्धबाट आर्थिक विकास रोकिन गयो र शाहवंशीय शासनले (स्थापित भएपछि) सामन्ती व्यवस्था र सामन्त शोषण तीब्र पाऱ्यो । त्यसैले सामन्तवाद सुदृढ हुँदै गयो र पुँजीवादी विकास पछि गऱ्यो । (५)गोर्खाली शासकवर्गले सन् १७६८ देखि सन् १८१६ सम्म नेपाललाई सैनिक शासनमा राखेको थियो । (६)अरु मुलुकहरूमा प्रजातांत्रिक क्रान्तिसँगै औद्योगिक क्रान्ति अघि बढिरहेको थियो । तर नेपालमा भने तत्कालीन राजनीतिक नेतृत्व सम्हालेको सामन्ती दरबार जनताको राजश्व, कर खाएर सत्ताको व्यक्तिगत तथा पारिवारिक लुछाचुँडीमा लिप्तथियो । सन् १८१६ को सुगौली सन्धिले नेपाललाई ब्रिटिस-इण्डियाको अर्ध-उपनिवेश बनायो र त्यसबेलादेखि यहाँका सामन्ती सरदारहरूलाई शक्तिमा टिक्न विदेशी साम्राज्यवादको पनि आडभरोसाआवश्यकतापऱ्यो(पुष्पलाल, १९९६, पृ.१६२)(७) । अबदेखि यहाँका सामन्त दरवारहरूको प्राथमिकता अंग्रेज साम्राज्यवादीको चाकरी हुनगयो न कि देशको विकास । जंगबहादुर राणा सन् १८४६ मा सत्तामा आउनुको पछाडि अंग्रेजको मद्दत थियो । राणाशासनकाल पुरै सैनिक शासनको काल र राणाहरूको भाइ भतिजावाद यति व्याप्त थियो कि जिल्ला जिल्लाका गौडा गौडामा र कुनै पनि सरकारी लाभको पदमा माथि माथि राणाहरू मात्र नियुक्त हुन्थे । देशभरी सामन्तवाद थियो । समुदाय समुदायमा चर्को विभेद थियो, मानिस जन्मैदेखि कोही ठूलो र कोही सानो हुन्थे । (८) नेपाल तराईका निवासी भोका र नाङ्गा छन् । , यसको निम्ति सरकारी भूमि व्यवस्था नै दोषी छ । तराईको अधिकांश भूमि प्राइम-मिनिस्टरका वंशजहरूको विर्ताकै रूपमा छ । यस प्रकार कम से.कम ६० प्रतिशत तराईको उब्जाउ भूमि ४०-५० व्यक्तिको निजी आम्दानी क्षेत्र भएको छ । लगभग १० प्रतिशत भूमि राजपरिवारका समर्थक गुरु-पुरोहितहरूको विर्ता छ । शेष ३० प्रतिशत भूमि ठूला जमिन्दार र साधारण रैकर खेतीवालामा विभाजित भूमिको वास्तविक अधिकार यसप्रकार केवल थोरै मानिसमा विभाजित भएकोले तराईका कमसे कम २० लाख निवासी भूमिहीन 'सुकुमवासी'किसानहरू नै छन् । (९) । राणा शासनले ब्रिटिस सरकारलाई कुनै पनि हालतमा खुसी राख्ने धन्दामा रह्यो । उनीहरूले नेपाललाई ब्रिटेन र ब्रिटिस-इण्डियाको तयारी माल समानको सुनिश्चित बजारमा परिणत गरे, नेपालमा तिनका व्यापारिक माल-समान र औद्योगिक उत्पादनको बेरोकटोक प्रवेश गराउने र तिनलाई विभिन्न सहुलियत प्रदान गर्ने नीति लिए । (१०)

ई) राणाशाही पछि दिल्ली दरबारकोआशिरवादले राजा त्रिभुवन दिल्ली पुगेपछि अंग्रेज भक्त राणाशाहीको पतन(सन् १९५०)भयो । (११) दिल्ली दरबारले राजा, राणा र ने.का.(पछि स्वीकार गरेको) बीच(सन् १९५०मा) गरेको एक संझौताबाट राजतंत्र बलियो भयो । राजाले मातृका प्रसाद कोईरालालाई प्रधानमन्त्री बनाई सन् १९५४ मा भारतको हितहुने गरी बदनाम"कोशी संझौता"गर्न लगाई दिल्ली दरवारको गुण फर्काए । सन् १९५९ मा(२०१६साल)ने.का.सरकारले भारतसँग बदनाम'गण्डक सम्झौता' गऱ्यो । सन् १९६० देखि राजाको हुकुमी (सैनिक)शासन सुरु भयो- पञ्चायतको नाममा राजाले आफ्नो शासन टिकाउन सन् १९६२मा चीन विरुद्ध नेपालका उत्तरी नाकाहरूमा भारतीय सैनिक चेकपोष्टहरू राख्न दिए । पछि अन्य ठाउँहरूबाट चेकपोष्टहरू हटे पनि कालापानी क्षेत्रबाट हटाइएन, जो अहिलेसम्म भारतीय सेनाको कब्जामा रहेको छ । सन् १९६५मा भारतसँग गोप्य सैनिक सन्धि गरेर नेपाली सैनिकका लागि विदेशबाट हतियार झिकाउन परे भारतसँग स्वीकृति लिनु पर्ने गरी घुँडा टेके । (१२) त्यसै समयदेखि भारतीय स्थल प्रधान सेनापति नेपालको सैनिक कमानको पनि अनरेरी सेनाध्यक्ष रहिआएको छ ।

पञ्चायतकालमा खासगरी सन् १९६०को दशकमा औद्योगिक विकासलेकेही गति लिएको देखिन्छ । तर त्यसको कारण के थियो भने त्यो बेला तिब्बतमा कम्युनिष्ट शासन कायम भएपछि अमेरिकी नेतृत्वमा साम्राज्यवादीहरूले नेपाल लगायत समस्त हिमाली क्षेत्रमा कथित स्थिरता कायम गर्न चासो देखाएका, चीनसँगको युद्धमा हारेको कारण भारतीय विस्तारवाद केही समय किंकर्तव्य विमुढको स्थितिमा रहेको, चीनपनि सीमा सुरक्षाको हिसाबले र सोभियत संघले पनि यो क्षेत्रमा साम्राज्यवादी प्रभाव बढ्न नदिन नेपाललाई सहयोग गर्न तत्परता देखाएको, आदिको परिणाम स्वरूप देशमा मूलतःसोभियत संघ र चीन सरकारको सहयोगमा केही उद्योगधन्दाहरूको स्थापना भएको थियो । तर विस्तारवादी भारत नेपालमा उद्योगधन्दाको विकास भएको हेर्न चाहँदैन थियो । त्यसका लागि नेहरू सरकारले सन् १९५०को शान्ति तथा मैत्री संधि मार्फत नेपाललाई अंग्रेजले गरेकै साम्राज्यवादले अर्ध-औपनिवेशिक अवस्थामा राख्ने नीति लिएको कारण नेपालमाथि विभिन्न ब्यापार तथा पारबहन सन्धि थोपरेकोले सन् १९७०को दशकमा यहाँको उद्योगिक गतिविधि नकरात्मक बन्न पुग्यो । उक्त कारणले गर्दा सरकारले उद्योगधन्दा संचालन गर्न कठिनाई बेहोर्नु पऱ्यो । त्यसैले सन् १९८० को दशकमा नेपालले विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्राकोषबाट निर्देशित"ढाँचागत समायोजन कार्यक्रम" (ऋचगअतगचबा ब्मवगकतभलत एचयनचबककभ) लाई स्वीकार गरी संरक्षणवादी औद्योगिक नीति परित्याग गरेकोले सार्वजनिक उद्योगधन्दा घाटामा जानथाल्यो ।

***३) बहुदलीय संसदवादीकाल र पछि :***

सन् १९९० को ऐतिहासिक जनआन्दोलनले पञ्चायतलाई ढाल्यो तर नयाँ बहुदलीय संसदवादी सरकारहरूले आठौं योजना मार्फत (१९९१-१९९५) पञ्चायतकै उक्त कार्यक्रमलाई अगाडि बढायो । साम्राज्यवादी हितमा 'उदारीकरण, निजीकरण र भूमण्डलीकरण'को नीति स्वीकार गरेपछि विदेशीहरूले सहयोगको रूपमा बनाई दिएका ठूला उद्योगहरू कौडीको भाउमा (त्जचयध ब्धबथ एचष्अभक) दलाल पुँजीपतिहरूलाई बेच्ने काम गरे । त्यसले नेपालको आर्थिक वातावरणमा, प्रविधि हस्तान्तरणमा र रोजगारीमा गम्भीर र व्यापक असर पाऱ्यो । नेपाल सरकार सन् २००६मा विश्व ब्यापार संगठन (ढ.त.इ.) को सदस्य बनेपछि यहाँको आर्थिक (औद्योगिक) विकासमा झनै नकारात्मक प्रभाव बढ्न गयो तापनि त्यसले युवाहरूलाई बाहिरी मुलुकमा रोजगारीको ढोका खोली दियो । सन् २००६मा अर्को ऐतिहासिक जनआन्दोलन भयो, मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो तर मुलुकमा विकास अगाडि बढ्न सकेन । उदाहरण : १९८५ मा संयुक्त राष्ट्र संघले नेपाललाई 'अति कम विकसित मुलुकको सूचिमा राखेको थियो र त्यसको कारण के दिएको थियो भने (क) अधिकांश जनता निर्वाहमूखि कृषिमा संलग्न, (ख) देशको निर्यात ब्यापारमा कच्चा पदार्थहरूको (एचक्ष्बचथ नययमक) प्रमुखता, (ग) भूपरिवेष्ठित मुलुक : पहाडी भूभाग अधिक र समथर (तराई) भूमि कम, (घ) प्राकृतिक श्रोतहरूको कमि (विजुलीबाहेक), (ङ) प्रविधि र लगानीको अभाव, आदि । आज सन् २०२२को सरकारी तथ्यांक हेर्दा कुल किसान परिवारको ८५ प्रतिशतले निर्वाहमुखी खेती गरेको, मुलुकको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक उत्पादनको योगदान ५ प्रतिशत मात्रै रहेको, सरकारको विनालगानीको युवाहरूले विदेशमा श्रमगरी पठाएको रेमिटेन्स अर्थतन्त्रमा झण्डै ३० प्रतिशत योगदान गरेको, आज पनि कृषि र उद्योग क्षेत्रमा प्रविधि र लगानीको अभाव रहेको जस्को कारण आ.व.२०८१/०८२ (सन् २०२४)मा नेपालको कुल बस्तु निर्यात रु.२ खर्ब ४८ करोड थियो भने कुलबस्तु आयात रु.१६ खर्ब ४५ अर्ब थियो । व्यापार घाटा रु.१३ खर्ब ९७ अर्ब थियो ।

***४) युद्धोन्मुख विश्वको अर्थराजनीतिको प्रभावः***

रुस-युक्रेनबीच जारी युद्ध र मध्यपूर्वमा पुनः भड्केको युद्धको अन्त्य अनिश्चित देखिनुका साथै संयुक्त राज्य अमेरिकाले विभिन्न मुलुकका लागि नयाँ भन्सार दर लगायत व्यापार नीतिमा परिर्वतन गरेपछि विश्व अर्थतंत्रमा अनिश्चितता बढ्न गएकोछ । यसैकारण आज मानव समाजले अघोषित विश्वयुद्ध बेहोर्नु परिरहेकोछ । साम्राज्यवादी भनेको युद्ध हो । पश्चिमा साम्राज्यवादीहरू देशहरूले रक्षामा धेरै लगानी गर्ने पक्षमा देखिएका छन् । केही समय अघि नेटोको सदस्य मुलुकका सरकारहरूले आ-आफ्ना देशको रक्षा खर्च सन् २०३५ सम्ममा देशको "कुल ग्राहस्थ उत्पादनको पाँच प्रतिशत" पुऱ्याउने सहमति सार्वजनिक गरेका थिए । यसलाई नेटोले सैन्यीकरणतर्फ उल्लेख्य छलाङ भनेको थियो । यो खर्च कति हो भने यो रकमलाई एक-एक डलरको गद्दीको ४वटा पिलर (चाङ) बनाएर ठडाइयो भने चन्द्रमा सम्मपुग्न सक्तछ ।

नेटोको उक्त रक्षाखर्च नयाँ श्रोतबाट आउने होइन । ती देशहरूले सामाजिक र वातावरणीय खर्चका लागि छुट्याइने बजेटबाट रकमान्तर गरिने हो । यसबाट विश्वले दुई स्थिति बेहोर्नु पर्नेछ (क)पश्चिमा साम्राज्यवादीहरूले रक्षा खर्चमा पाँच प्रतिशत वृद्धि गर्दा उनीहरूबाट सहयोग गरिने विश्वकै सामाजिक तथा वातावरणीय खर्चमा कम वा शून्य हुनगई त्यसबाट विश्वलाई गम्भीर नकरात्मक असर पर्नेछ (ख) नेटोको रक्षा खर्च बढेपछि बाँकी न्यूक्लियर पावर मुलुकहरूले पनि रक्षा खर्चअनिवार्य बढाउनेछन् । यसबाट(क) तेश्रो विश्वयुद्ध अनिवार्य र सन्निकट बन्नेछ भन्ने अनुमानलगाउन सकिन्छ । (ख) धनी देशहरूको युद्ध खर्चमा बढोत्तरी हुने भएपछि विश्वमै उत्पादन, पर्यावरण र सामाजिक सुरक्षामा लगानी कम हुने वा शून्यहुन सक्ने परिस्थिति सिर्जना हुनेछ । (ग) नेपाल युद्धको भुमरीमा पर्न सक्नेछ । चीन विरुद्ध अमेरिकाले एम.सी.सी.मार्फत नेपालमा सैन्य गतिविधि तेज गर्न सक्नेछ । अमेरिका र चीनबीचको अन्तरविरोध बढ्दै गएको र अमेरिकी ब्यापार नीतिका कारण भारत समेत ब्रिक्स मार्फत रुसी-चिनी ध्रुवमा उभिने स्थिति बनेमा नेपालमा अमेरिकी सेना भित्रिने संभावनाछ । दोश्रो, भारतीय विस्तारवाद नेपालमाथि आफ्नो अर्ध-उपनिवेश कायमै राख्न चाहन्छ । तेश्रो, चीन नेपालको भूमिबाट आफूलाई थ्रेट हुने स्थितिको सामना गर्न तयार हुनेछ र चौथो, नेपाल ब्राहमणवाद र दलाल पुँजीवादबाट पीडित राज्य भएकोले विकासमा अत्यन्त पछि परेको छ, र मुलुकको सत्व बचाउन सक्ने राजनीति बन्न सकेन । यस्तो स्थितिमा नेपालले अस्तित्वको संकट भोग्नु पर्ने देखिन्छ ।

***५)बिटमार्नी :***

नेपालको प्रारम्भिक इतिहासकालमा, खासगरी, बौद्ध धर्मको प्रवेश हुँदाको समयमा यहाँ खेतीपातीको साथसाथै हस्तकलाका वस्तुहरू तयार भई व्यापार समेत हुने गरेको देखिन्छ । सामन्तीकाल सुरु भएपछि (लिच्छविकाल)शहर निर्माण प्रकृयासँगै कृषि उत्पादन र हस्तकलाको बीच निनिमय हुन थाल्यो र बस्तु विनिमय नगर्ने विचौलिया (व्यापारी) वर्गको जन्मभयो । चीन-तिब्बत र भारत बीच व्यापार विस्तारले नेपालको आर्थिक उन्नतिमा ठूलो टेवा पुग्यो । मल्लकालमा यहाँ घरेलु उद्योगको विकास र विदेशसितको व्यापार फस्टाएको कारण व्यापारी पुँजीवादले विकास गऱ्यो । तर पृथ्वीनारायण शाहको शाहको गोरखा राज्यविस्तारले सामन्ती शोषण तीब्र भयो र आर्थिक विकास रोकिन गयो । (राज्यको काम जनताबाट कर उठाएर खाने भयो जनताको विकास गर्ने थिएन) सन् १८१६ को सुगौली सन्धिले त नेपाललाई ब्रिटिश-इण्डियाको अर्ध-उपनिवेश नै बनायो । त्यसपछि नेपाली बजार ब्रिटिश-उत्पादनको खुल्ला बजारमा परिणत गरियो । त्यसले नेपालको घरेलु उत्पादनहरूलाई विस्थापित गऱ्यो । राणा शासन त अंग्रेजहरूको पुरै दास बनेको थियो । सन् १९०४ मा ब्रिटिश-इण्डिया र चीन बीचमा चुम्बी उपत्यकाको व्यापारिक नाका खुलेपछि इण्डिया र चीनबीचमा व्यापार शुरु भएपछि नेपालले गर्दैआएको मध्यस्थ व्यापार पनि सुक्न गयो । सन् १९२३ मा नेपाल-ब्रिटिश-इण्डिया बीच भएको कथित मैत्री सन्धिले नेपालमाथिको औपनिवेशिककरणलाई अझै तीब्र पाऱ्यो । यसरी नेपालमा विकास हुन थालेको व्यापारिक पुँजीवादको गला घोट्नेकाम गरियो । त्यसपछि नेपालीबजार पुरै अंग्रेजी माल सामानको नियन्त्रणमा पर्न गयो जसले नेपाली घरेलु उद्योग धन्दाहरूलाई पुरै सुकायो । त्यतिमात्र नभएर कमिशनको लागि ब्रिटिश सेनामा-नेपालका युवाहरूलाई भर्ती गराई नेपालको अलिअलि बचेको स्वाधीनता पनि जिम्मा लगायो । यसबाट शाह-राणा शासन पुरै नेपालको स्वाधीनता विकास विरोधी थियो भन्ने देखिन्छ ।

इण्डियाबाट ब्रिटिश शासन हटेपछि नेहरू सरकारले सन् १९५० मा नेपालमाथि ब्रिटिश सरकारले गरेको असमान सन्धिलाई हुबहु दोहऱ्याउने काम गऱ्यो । नेपाल अब स्वतंत्र भारतको अर्ध-उपनिबेशमा परिणत भयो । दिल्ली दरबारको आसिरवादले सन् १९५१ म राजा बलियो भयो, राणाशाहीको पतन भयो । राजाले मातृका प्रसाद कोइरालालाई प्रधानमन्त्री बनाई सन् १९५४ मा भारतको हितमा बदनाम"कोशी संझौता" गर्न लगाई दिल्ली दरबारको गुण तिरे । सन् १९५९ मा ने.का. सरकारले भारतसँग बदनाम "गण्डक सम्झौता" गऱ्यो ।

राजाले शासन लिएपछि पञ्चायतले लिएको संरक्षणवादी नीतिको कारण सन् १९६० को दशकमा उद्योग-विकासले केही गति लिएको देखिन्छ तापनि सन् १९५० को सन्धिको आधारमा भारतले नेपालमाथि विभिन्न ब्यापार तथा पारबहन सन्धि, संझौता थोपरेको कारण यहाँको सन् १९५०को दशकमा औद्योगिक गतिविधि नकरात्मक बन्न पुग्यो । सन् १९८० को दशकमा पश्चिमा साम्राज्यवादले थोपरेको उदारीकरणको नीति स्वीकार गरी भइरहेको संरक्षणवादी औद्योगिक नीति परित्याग गऱ्यो । सन् १९९० पछि बनेका बहुदलीय संसदीय ब्यबस्थाका सरकारहरूले पनि'उदारवादी' नीतिलाई नै अघि बढायो । त्यसैको कारण आज नेपालको उद्योगधन्दा रूग्ण अबस्थामा रहेकोछ, कृषिमा व्यवसायीकरण हुन सकेन र सन् २०२४ मा देशको व्यापारघाटा १४ खर्ब रूपैया पुगेकोछ । हाम्रो मुलुक बिदेशबाट युवाहरूले पठाएको रेमिटेन्समा निर्भर रहेको छ । भ्रष्टाचार र कुशासन सन् १९७२ पछिको सरकारहरूको मूलमंत्र भएकोछ, विकास होइन ।

राजा पृथ्वीनारायण शाहको यो राज्यलाई हिन्दुस्थान बनाउने ब्राह्मणवादी सामन्ती राजनीति र साम्राज्यवाद प्रथा विस्तारवादको दलाल पुँजीपतिहरूको राज्यसत्तामा पकड नै नेपालको आजको विकासको यो अवस्था हुनुको मुख्य जिम्मेवार रहेकोछ । स्वाधीन अर्थतंत्र बनाउने नयाँ जनवादी क्रान्ति नै यसको हल हुन सक्तछ । सबैलाई चेतनाभया !!

फुटनोट

१)बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, बाराणसीःकृष्ण कुमारी(२०३३:५०) । कतिपय लेखकहरूले कौटिल्यको 'अर्थशास्त्र'को हवाला पनि दिने गरेका छन् । तर त्यो कृतिको पाण्डूलिपि (देवनागरी लिपिमा) सन् १९०५मा बनारसमा प्राप्त भएको र सन् १९२५मा हिन्दीअनुवाद सहित प्रकाशित भएको थियो । यो कृतिलाई मनु स्मृतिको भाष्यको रूपमा हेरिन्छ । भनिन्छ कि मगधका सम्राट चन्द्र गुप्तमौर्यको राज्यकालमा विष्णु गुप्त चाणक्य 'कौटिल्य' भन्ने कुनै भारदार/मन्त्री थिएन ।

२) एंगेल्स, परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति, यस्को : प्रगति प्रकाशन(१९८६ : १९८) ।

३) राहुल सांस्कृत्यान(१९९३:९५-९६) मानव समाज, इलाहावाद : लोक भारती प्रकाशन

४) बाबुरामआचार्य, चीन, तिब्बत र नेपाल, काठमाण्डौ : फाइनप्रिन्ट (२०७४ : ३६-३८) ।

५) क) कालाकौशल, परम्परगत उद्योगभन्दा, व्यापार, बाणिज्य अटुट रूपमा चलिरहेको हुनाले मध्यकालको आर्थिक अवस्था पछिसम्म नै राम्रै थियो भन्न सकिन्छ तर अन्तिम युगमा आइपुग्दा भने गोरखाली आक्रमण, आर्थिक नाकाबन्दी र उपत्यकाको राजनीतिक अस्थिरताले गर्दा आर्थिक अवस्था नराम्रोसँग बिग्रन पुगेको थियो । यहाँका राजाहरूलाई मंदिरका ढुकुटी तथा अन्य भौतिक सँपत्ति समेत मास्नु परेको थियो । (ढुंगेल र प्रधानाङ्ग, काठमाण्डौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास, काठमाण्डौं : नेपाल र एसियाली अनुसन्धानकेन्द्र, त्रि.वि., कीर्तिपुर, वि.सं.२०५६, प.७) ।

ख) माणिकलाल श्रेष्ठ, मानव समाज विकासबारे मार्क्सवादी दृष्टिकोण, काठमाण्डौंः खोजी प्रकाशन, वि.सं.२०६८, पृ.९८)विश्व पौडेल, विचार विशेष, संस गगनथापा, वर्ष, ६, अंक७, वि.सं.२०७२, पृ.६३-११८ ।

६) विश्वपौडेल, विचार विशेष, संपा. गगनथापा, वर्ष, ६, अंक७, वि.सं.२०७२, पृ.६३-११८ ।

७), क)नेपालमा विकास हुन लागेको राष्ट्रिय उद्योगधन्दा तथा बन्द-ब्यापारको ह्रास गर्ने प्रक्रियाचन्द्र समसेरको पालामा नेपालभित्र भारतीय पुँजीको प्रवेश गराई आरम्भ गरियो । सन् १९०४ माभोटमा अंग्रेज साम्राज्यवादले कर्णेल फ्रान्सिस योङ्ग हस्ब्याण्डको अभियान पठाउँदा भोट-नेपालबीच सन् १८५५मा भएको सन्धिको विपरीत चन्द्र समसेरले अंग्रेजी साम्राज्यवादलाई धनजनको सहायता गरे । भोटले बाध्य भएर अंग्रेजसँग सन्धि गर्नु पर्दा काठमाण्डौं-कोदारी राजमार्ग बन्द भई सिक्किमको बाटो सुरु भयो र पछि कालिङपोङको बाटो खुल्यो ।" । (३) भारत-सरकारबाट विशेषरूप पठाइएका दुइ विमानद्धारा १० नोवेम्वर १९५० ई.को दिन राजाले काठमाण्डूबाट दिल्लीको निम्ति प्रस्थान गरे । यस समय भारतको नेहरू सरकारले जस्तो दृढताका साथ राजा र नेपाली जनताको प्रजातांत्रिक भावनाको समर्थन गऱ्यो त्यो वास्तबमा स्मरणीयछ (बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, २०३३, पृ.३९५) ।

ख) माणिकलाल श्रेष्ठ, ऐ.ऐ.पृ.९८ /

८) विश्वपौडेल, भूमि सुधारको मुद्दा, २०१५पृ.१०५, विचार बिशेष, पत्रिका, वर्ष, ६अंक, ७२०७२ सं गगन थापा, काठमाण्डौं पब्लिक पोलिसी पाठशाला ।

९) बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, (२०३३, पृ.१२), वाराणसी : कृष्णकुमारी देवी ।

१०) माणिकलाल श्रेष्ठ, ऐ.ऐ.पृ.९८ ।

११) भारत-सरकारबाट विशेषरूप पठाइएका दुइ विमानद्धारा १० नोवेम्वर १९५० ई.को दिन राजाले काठमाण्डूबाट दिल्लीको निम्ति प्रस्थान गरे । यस समय भारतको नेहरू सरकारले जस्तो दृढताका साथ राजा र नेपाली जनताको प्रजातांत्रिक भावनाको समर्थन गऱ्यो त्यो वास्तवमा स्मरणीयछ (बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, २०३३, पृ.३९५) ।

१२) मोदनाथ प्रश्रित (२०५४)

# वर्तमान राष्ट्रिय राजनीतिक अवस्था, घोषित निर्वाचन र समस्या समाधानको प्रश्न



● केदार खतिवडा ●

नेपालको राजनीतिक इतिहास शोषण, उत्पीडन, दमन र जनआन्दोलनको निरन्तर यात्रा हो। राणा शासनको अन्त्य गर्दै २००७ सालको परिवर्तन, २०१५ को पहिलो संसदीय निर्वाचनको अभ्यास, २०१७ सालको पञ्चायती निरंकुशताको थालनी पछि २०२८ सालको झापा आन्दोलन, २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रह २०४६ सालको जनआन्दोलन, २०५२ सालदेखी चलेको महान जनयुद्ध र २०६२/०६३ को जनआन्दोलन पछि राजसंस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। यद्यपी पञ्चायती व्यवस्थाको अन्त्य तथा राजतन्त्रको अन्त्यपछि केहि राजनीतिक परिवर्तन भएतापनि नेपालमा शोषणबाट मुक्त राष्ट्रिय स्वाधीनता र जनताको हित गर्ने राज्य संरचना निर्माण हुन सकेन।

१०वर्ष सम्म चलेको महान जनयुद्ध र ०६२/०६३ को ऐतिहासिक जनाअन्दोलनले सामन्ती राजतन्त्रलाई उखेल्यो, गणतन्त्रको ढोका खोल्यो तर जनताको साँचो सत्ताको मार्ग अझै अधुरो रह्यो। आज स्थापना भएको लोकतान्त्रिक गणतन्त्र यतिबेला वस्तुतः दलाल संसदीय व्यवस्थामा रूपान्तरित भएको छ। जहाँ निर्णय जनताबाट होइन, दलाल पुँजीपति वर्ग, विदेशी एजेन्ट र सत्ताधारी सिण्डीकेटबाट तय हुन्छ। तब जनताका आधारभूत प्रश्नहरू आर्थिक समानता, राष्ट्रिय स्वाधीनता, सुशासन, भ्रष्टाचार नियन्त्रण, उत्पादनमूलक अर्थतन्त्र, वर्गीय न्याय आदी समाधान हुन सक्तैनन्। यथार्थमा नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक विशेषतासहित नवऔपनिवेशिक अवस्थाबाट मुक्त हुन सकेको छैन।

दश वर्षको जनयुद्धले ल्याएको वैचारीक उथलपुथल र वर्गीय-चेतनाको प्रभाव सहितको जनआन्दोलन केवल राजतन्त्रको अन्त्य गर्ने मात्र थिएन। यसले राज्य संरचनाको आमुल परिवर्तन गर्ने जनचाहना बोकेको थियो। जनताको चाहना संसद पुनः स्थापनाको सिमित घेरामा थिएन उनीहरूको आकांक्षा पूर्ण लोकतान्त्रीक गणतन्त्र सामाजिक न्याय, संघियता, समावेशिता, धर्म निरपेक्षता र मजदुर किसानको सत्तामा प्रत्यक्ष सहभागीता थियो। जसलाई तत्कालीन सात राजनीतिक दलले संसद पुनर्स्थापना मार्फत धोका दिए। जनभावनालाई संविधान निर्माणको ढाल बनाउदै पुनः पुँजीवादी संसदीय दलाल संरचनाको स्थापना गरियो। जसले दलाल पुँजीवाद, केन्द्रिकृत राज्यसत्ता, सामन्तवाद, जातीय विभेद, लैंगिक असमानता, दलाल संसदीय प्रणाली र विदेशी प्रभुत्वको अन्त्यको अपेक्षा अपहरण गरि पुनः संसदीय संरचना स्थापीत गर्दै दलाल पुँजीपतिहरूको सत्ता सुनिश्चीत र विदेशी हस्तक्षेपलाई संस्थागत बनायो। जनताको दैनिक जीवन तथा राष्ट्रिय स्वाधिनता अझ संकट पर्दै गयो।

प्रायोजित दोस्रो संविधान सभापछि २०७२ को संविधान मार्फत संस्थागत गरिएको संघीय लोकतान्त्रिक गणतन्त्र व्यवहारत दलाल संसदीय गणतान्त्रीक व्यवस्थामा रूपान्तरीत भईसकेको छ। यद्यपी यस व्यवस्थालाई समाजवाद उन्मुख भनेर जनतालाई भ्रम पार्न कसरत हुँदै आएको छ तर व्यवहारमा दलाल पुँजीवाद, नोकरशाही र विदेशी विस्तारवाद र साम्राज्यवादको अनुचर बनेको छ।

नेपाल आज गहिरो राष्ट्रिय संकटको चरणमा प्रवेश गरेको छ। संस्थागत भ्रष्टाचार, कमजोर जनतन्त्र, परनिर्भर अर्थतन्त्र र सङ्कुचित राष्ट्रिय स्वाधीनता–यी सबै समस्याहरू एकअर्कासँग गाँसिएर देशलाई राजनीतिक, आर्थिक र सामाजिक रूपमा जर्जर बनाइरहेका छन्। राज्यका प्रायः सबै निकायहरूमा, मन्त्रालय, प्रशासनिक तथा स्थानीय तह, अड्डाअदालत, प्रहरी प्रशासन, सेना, विकास निर्माणका क्षेत्र - सबै ठाउँमा भ्रष्टाचार र घुसखोरी व्याप्त छ। सामान्य नागरिकले आफ्ना सामान्य काम गराउन समेत घुस दिन बाध्य हुनुपर्ने अवस्था सिर्जना भएको छ। भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो। तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ। भुटानी शरनार्थी काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्ड र यति एयर लाइन्स जग्गा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछ। नेपालमा भ्रष्टाचार संस्थागत रूपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ। भ्रष्टाचारले गर्दा नै देशका सम्पूर्ण विकास निर्माणका कामहरू जति हुनसक्थे त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गएको छ। देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो। तर विडम्वना, भ्रष्टाचार नियन्त्रण गर्न बनेको जेनजी आन्दोलन पछि बनेको कठपुतली सरकार समेत आफै घुस र कमिशनमा व्याप्त भइराखेको चर्चा सार्वजनिक भइरहेका छन्। नेपालमा भ्रष्टाचार संस्थागत भइरहेको यिनै तथ्यले पुष्टि गर्दछ।

नेपालमा भ्रष्टाचारको जरो केबल राजनितिक दल वा मन्त्री-नेतृत्वमा मात्र सिमित छैन, यसको संरचनागत मूल थलो कर्मचारीतन्त्र पनि हो। सरकार जति फेरिए पनि स्थायी रूपमा राज्यसत्तामा जरा गाडेर बसेको कर्मचारीतन्त्र नै भ्रष्टाचारको निरन्तरता र संस्थागत विकासको प्रमुख संवाहक बनेको छ। ३० बर्षे पञ्चायती व्यवस्था होस या त्यसयता वनेका हरेक सरकारहरू परिवर्तन भए, अन्तत भ्रष्ट भएर गए। तर प्रशासक, सचिव, सह-सचिव, सुरक्षा निकायका शिर्ष अधिकारी र नियामक निकायका पदाधिकारीहरू प्रायः उहि रहे। तिनकै वरिपरी भ्रष्टाचारको स्थायी सन्जाल विकास भई नै रहयो। आज गम्भीर प्रश्न उठ्छ। विभिन्न समयमा राज्य संयन्त्रमा बसेका कर्मचारी, प्रशासक र पदाधिकारीका छोराछोरी कहाँ छन् ? कुन श्रोतबाट विदेशमा पढिरहेका छन ? विदेशमा बसोबास गरिरहेका छन ? बहुराष्ट्रिय कम्पनीहरूमा लगानी गरिरहेका छन ? तलब, भत्ता र बैधानिक आम्दानीभन्दा बढी अर्बौंको सम्पत्ति कसरी र कहाँबाट आर्जन गरियो ? यी प्रश्नहरू व्यक्तिगत आरोप होइन, राज्य दोहनको वस्तुगत यथार्थ हुन्। विकास बजेट, सार्वजनिक खरिद, ठेक्कापट्टा, भूमि दलाली, कर छुट, अनुमतिपत्र बितरण, नियुक्ति, सरुवा/बढुवा, न्यायिक निर्णय, प्रहरी प्रतिवेदन, मुचुल्का, सुरक्षा संयन्त्रसम्म कर्मचारितन्त्रको संलग्नता बिना कुनै पनि भ्रष्टाचार सम्भव छैन। त्यसैले आजको आवश्यकता पन्चायत कालदेखि सबै उच्च पदस्थ कर्मचारी, केही प्रशासक र केहि संवैधानिक निकायका पदाधिकारिको सम्पूर्ण सम्पत्ति छानबिन गर्नुपर्ने, उनिहरू र तिनका परिवारको देश-विदेशको सम्पत्ति बैंक खाता, कम्पनीमा सेयर र जग्गा-जमिनको खोजबीन, राज्यसत्ता दुरूपयोग गरि आर्जित अबैध सम्पत्तिको जफत गरी जनताको स्वामित्वमा ल्याउँदै राष्ट्रियकरण गर्नुपदर्छ। यो कुनै बदला होइन, जनताको खोसिएको अधिकार फिर्ता गर्ने संघर्ष हो। भ्रष्टहरूलाई दण्डित नगरी, उनिहरूले दोहन गरेर थुपारेको सम्पति जनताको पक्षमा नल्याई देशमा न त सुशासन सम्भव छ न त वास्तविक विकास। त्यसकारण हाम्रो पार्टी प्रतिक्रियावादी राज्यसत्ता र त्यसलाई धानेको कर्मचारितन्त्रको संस्थागत भ्रष्टाचारलाई अपराध ठान्दछ। संरचनागत भ्रष्टाचार विरुद्ध सशक्त प्रतिरोध गर्नु आजको पहिलो आवश्यकता हो।

नेपालमा पछिल्ला दशकहरूमा एनजीओ र आईएनजिओहरूको संख्या र प्रभाव अस्वाभाविक रूपमा बढेको छ। विकास, मानवअधिकार र सेवाको नाममा प्रवेश गरेका यी संस्थाहरू व्यवहारमा भने विदेशी दाता राष्ट्र र साम्राज्यवादी शक्तिका नीतिगत, वैचारिक र राजनीतिक एजेन्डा कार्यान्वयन गर्ने माध्यम बनेका छन्। एनजीओ/आईएनजिओहरूले राज्यले गर्नुपर्ने काम आफूले गरेर राज्यलाई कमजोर बनाउने, नीति निर्माणमा हस्तक्षेप गर्ने, विदेशी निर्भरता बढाउने र जनतालाई परियोजनामुखी दयाभावमा सीमित गर्ने काम गरेका छन्। यसले नेपालको निर्णय गर्ने अधिकार, आत्मनिर्भर विकास र राष्ट्रिय स्वाधीनतालाई गम्भीर रूपमा क्षति पुऱ्याएको छ। धेरै एनजीओ/आईएनजिओहरू दलाल राजनीतिक नेतृत्व र उच्च कर्मचारीतन्त्रसँग साँठगाँठ गरी अपारदर्शी अनुदान, कमिसन र प्रभावको कारोबारमा संलग्न छन्, जसले भ्रष्टाचारलाई न्यूनीकरण होइन, संस्थागत र वैधानिक बनाउने भूमिका खेलेका छन्। यसरी आज नेपालमा भ्रष्टाचार र राष्ट्रिय स्वाधीनताको संकटको एउटा मुख्य स्रोत यही साम्राज्यवाद-दलाल सत्ता-एनजीओ/आईएनजिओ गठजोड बनेको छ। एनजीओ/आईएनजिओ मार्फत् हुने वैचारिक, सांस्कृतिक, राजनीतिक र नीतिगत हस्तक्षेपबाट बढ्दो रूपमा राष्ट्रिय संकट सिर्जना भइरहेको छ।

धेरैजसो एनजीओ/आईएनजिओहरू साम्राज्यवादी शक्तिहरूका एजेन्डा बोकेर नीति निर्माण, शिक्षा, स्वास्थ्य, महिला, दलित, आदिवासी, जनजाती, वातावरण र मानवअधिकारका नाममा राज्यका संवेदनशील क्षेत्रमा हस्तक्षेप गरिरहेका छन्। यी संस्थाहरूले भ्रष्ट सरकार र दलाल शासक वर्गसँग मिलेर राष्ट्रिय निर्णय प्रक्रियामाथि प्रभाव पार्नु, जनतालाई भ्रमित गर्नु र संघर्षलाई कमजोर बनाउन उनीहरूले वास्तविक भूमिका खेलिरहेका छन्।

जनजीविकाको सन्दर्भमा मूल्यवृद्धि, बेरोजगारी, न्यून ज्याला, किसान-मजदुरका आन्दोलनप्रति राज्यको उपेक्षा र दमन निरन्तर जारी छ। शिक्षा, स्वास्थ्य, कृषि र उद्योगमा नवउदारवादी निजीकरणले जनताको जीवन झनै असुरक्षित बनाएको छ। कृषिमा लगानी कम आयतमा निर्भरता, दलाली, ठेक्का र वैदेशिक ऋणमा आधारीत छ। सामाजीक चरित्र स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका सेवाहरू निजीकरण गर्दै जनतालाई आर्थिक असुल्ने ग्राहक बनाईएको छ। सामाजीक न्यायको नारा प्रयोग हुन्छ वर्गीय अन्याय झन बढेको छ। धनी झन धनी र गरिव अझ गरीव हुँदै विभेदका स्वरूपहरू व्यापक मात्रमा बढि रहेका छन्। वैदेशिक चरित्र जल, जमिन, खनीज सम्पदा सबैमा विदेशी स्वामित्वको मार्ग खुला गरिएको छ। बहुराष्ट्रिय कम्पनीहरू, विदेशी सहयोगदाता र राजदूतहरूले निति निर्माणमा हस्तक्षेप गर्दछन्। यसको चरित्र प्रतिक्रियावादी वर्गपक्षधर, विदेश आश्रित र असमानता मुलक छ।

लिपुलेक जस्ता संवेदनशील विषयमा सरकार र सत्तासीन दलहरूको कमजोर कूटनीतिक अडानले सार्वभौमिकता प्रति गम्भीर उदासीनता उजागर गरेको छ। एसिसि सम्झौता संसदबाट पारित गरेर अमेरिकी साम्राज्यवाद अगाडि घुडा टेकेर राष्ट्रिय स्वाधिनता कमजोर बनाइरहेको छ। एमसिए पास गरेर अमेरिकी सेना भित्र्याउने अर्को षड्यन्त्रको दस्तावेज हस्ताक्षरका लागि लाईनमा छ।

राष्ट्रिय स्वाधीनता कमजोर हुँदा भ्रष्टाचार संस्थागत हुन्छ र भ्रष्टाचार बढ्दा विदेशी हस्तक्षेप सहज हुन्छ–आजको संकट यही दुष्चक्रमा फसेको छ। नेपालमा राष्ट्रिय स्वाधीनता गम्भीर संकटमा परेको छ। अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले दलाल राजनीतिक नेतृत्व, भ्रष्ट कर्मचारीतन्त्र र एनजीओ/आईएनजिओमार्फत प्रत्यक्ष हस्तक्षेप गरिरहेका छन्। यसको परिणाम स्वरूप नेपाल आफ्नो राष्ट्रिय हितअनुसार निर्णय गर्न नसक्ने परनिर्भर राज्यमा रूपान्तरण हुँदै गएको छ।

विदेशी ऋण, अनुदान र परियोजनाको नाममा देशको नीति निर्माण विदेशी एजेन्डा अनुसार निर्देशित भइरहेको छ। संसदीय निर्वाचन, सरकार गठन र राज्य संयन्त्रसमेत बाह्य शक्तिको प्रभावबाट मुक्त छैनन्। यसरी राष्ट्रिय स्वाधीनता कमजोर हुँदै जाँदा भ्रष्टाचार, शोषण र दमन संस्थागत बनेका छन्। यस अवस्थाको अन्त्य बिना न भ्रष्टाचार उन्मूलन सम्भव छ, न जनतन्त्र र जनजीविका सुरक्षित हुन सक्छ। त्यसकारण राष्ट्रिय स्वाधीनताको रक्षा आजको निर्णायक राजनीतिक कार्यभार हो।

अमेरिकी साम्राज्यवादले भेनेजुएलाको प्राकृतिक स्रोतहरू–तेल, ग्यास, खनिजलाई कब्जा गर्ने मुख्य लक्ष्य बनाउदै आएको छ। जुनकुनै देशले आफ्ना प्राकृतिक स्रोत राष्ट्रिय अबस्यकतामा परिचालन गर्न खोज्दा त्यहाँ साम्राज्यवादी शक्तिहरूले विभिन्न माध्यमबाट हस्तक्षेप गर्ने इतिहास दोहोरिँदै आएको छ। भेनेजुएला यसको ज्वलन्त उदाहरण हो। भेनेजुएला सबैभन्दा ठूलो तेल भण्डार भएको देश हो। ह्युगो चाभेज र त्यसपछि निकोलस मादुरो नेतृत्वको सरकारले तेल उद्योग राष्ट्रियकरण गरि जनताको हितमा परिचालन गरेकाले आज पनि अमेरिकी दवाब, संकट र षड्यन्त्रको सामना गरिरहेको छ। तर यो पनि सत्य हो कि राष्ट्रिय स्वाधीनताको पक्षमा उभिँदा साम्राज्यवादी दादागिरी कति क्रूर हुन्छ भन्ने उदाहरण अमेरीकि साम्राज्यवादी हस्तक्षेप भेनेजुएलाले संसारलाई दिएको छ। अमेरिकी साम्राज्यवादले भेनेजुएला माथी सैनिक आक्रमण गरि राष्ट्रपति मादुरो दम्पत्तिलाई अपहरण गरेको घटनाले कथित प्रजातन्त्र, मानबअधिकार र अन्तर्राष्ट्रिय कानुनको धज्जी उडाएको छ।

युक्रेनमा साम्राज्यवादले फरक मोडल प्रयोग गऱ्यो। राजनीतिक अनुभव नभएको, मिडियाबाट उत्पादन गरिएको पात्र भोलोदिमिर जेलेन्स्कीलाई लोकतान्त्रिक अनुहार भन्दै पश्चिमी शक्तिको समर्थनमा सत्तामा पुऱ्याइयो। उनको शासनमा युक्रेन नाटो र अमेरिकी सैन्य रणनीतिको मोहरा बन्यो। रूससँगको युद्धमा देश धकेलियो हजारौं नागरिक मारिए, ऋण थोपरियो, देश हतियार र पुनर्निर्माणको नाममा पश्चिमी पूँजीको बन्धक बन्यो। युक्रेन आज स्वतन्त्र राष्ट्र होइन, साम्राज्यवादी युद्धनीतिको प्रयोगशाला बनेको छ। यक्रेनमा भएका सबै खानीहरू अमेरिकाको कब्जामा पुगेको छ। अमेरिकी साम्राज्यवाद चीनविरुद्धको घेराबन्दी रणनीति अन्तर्गत नेपाललाई अस्थिर बनाउँदै आफ्नो अनुकूल दलाल र कठपुतली नेतृत्व उत्पादन गर्न खोजिरहेको छ। जेन-जी आन्दोलनपछिको असामान्य सत्ता फेरबदल "सुधार", "सुशासन", "लोकतन्त्र बचाउने" नाममा नयाँ अनुहारको प्रचार, एनजीओ/आईएनजिओ र मिडियामार्फत पात्र निर्माण र प्रायोजीत संसदीय निर्वाचनको उद्देश्य स्पष्ट छ। नेपाललाई विदेशी ऋणमा डुबाउने, रणनीतिक सैन्य-राजनीतिक मोहरा बनाउने, चीन-विरोधी मोर्चामा धकेल्ने, अन्ततः अर्को युक्रेन बनाउने। नेपालमा भएका जलस्रोत, खनिज, भू-रणनीतिक स्थान, सस्तो श्रम यी सबै साम्राज्यवादी आकर्षणका विषय हुन्। आज युक्रेनजस्तै कठपुतली नेतृत्व स्वीकार गरे नेपाल पनि युद्धको मोहरा, ऋणको उपनिवेश, राजनीतिक प्रयोगशाला बन्ने खतरा स्पष्ट छ। उपरोक्त विश्लेषणका आधारमा स्पष्ट छ–घोषीत संसदीय निर्वाचन वर्तमान संकटको समाधान होइन। राष्ट्रिय स्वाधीनता, वास्तविक जनतन्त्र र जनजीविकाको रक्षा आजको निर्णायक राजनीतिक कार्यभार हो।

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद नेपालमा आफ्ना स्वार्थ सुरक्षित गर्न योजनावद्ध रूपमा हस्तक्षेप गरिरहेका छन्। यहि षड्यन्त्रको परिणाम स्वरूप जेन-जी आन्दोलन पश्चात् साम्राज्यवादद्वारा निर्मित सुशिला कार्कीको कठपुतली सरकारले प्रायोजीत संसदीय निर्वाचन अगाडि सारेको छ। यो निर्वाचन जनताको समस्या समाधान गर्न होइन, दलालहरूलाई वैधानिक रूपमा सत्तामा पुर्याएर साम्राज्यवादी हैकमलाई मजवुत बनाउन आयोजना गरिएको हो। २०१५ सालदेखि आजसम्म भएका कुनै पनि निर्वाचनले राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सकेनन्। इतिहासले प्रमाणीत गरिसकेको यो तथ्यलाई वेवास्ता गरेर गरिने आगामी संसदीय निर्वाचनले देशलाई अझ गहिरो संकटतर्फ धकेल्ने निश्चित छ। सुशीला कार्कीले नेतृत्व गरेको कठपुतली सरकारले निर्वाचन मार्फत पुराना र नयाँ दलालहरूलाई सत्ताको ठेकेदार बनाउदै साम्राज्यवादि हैकमलाई मजबुत पार्ने षड्यन्त्र मात्र हो। देशभक्त, गणतन्त्रवादी, प्रगतिशील, वामपन्थी राजनीतिक शक्तिहरू सहित मजदुर, किसान, युवा, विद्यार्थी, सुकुम्बासी, साना तथा मझौला व्यापारी, राष्ट्रिय पुँजिपती, पत्रकार तथा सम्पुर्ण जनसमुदाय यतिबेला निर्वाचन होइन बरु प्रतिक्रियावादी दलाल संसदीय व्यबस्थालाई नफाली न सुशासन सम्भव छ न त भ्रष्टाचारको पुर्ण उन्मुलन। त्यसैले अहिले गर्न लागेको निर्वाचन यो व्यवस्थालाई बचाई साम्राज्यवादका नयाँ दलाललाई सत्तारोहण गराउने उद्देश्यले गर्न लागेको हुँदा यसलाई सबै जनता मिलेर सशक्त बहिष्कार गर्नु नै उचित बिकल्प हो।

अबको निकास कठपुतली वर्तमान सरकारको विघटन, साम्राज्यवाद र विस्तारवाद विरोधी राष्ट्रिय राजनीतिक सम्मेलन, उक्त राजनीतिक सम्मेलनद्वारा गठित स्वाधिन संयुक्त सरकार र संघीय जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादको स्थापना हो। वैज्ञानिक समाजवादले मात्र भ्रष्टाचारको जरो उखेल्दै जनतालाई देशको वास्तविक मालिक बनाउने अवस्था सिर्जना गर्नेछ।

# बर्दघाटको चोक चोकमा निर्वाचन बहिष्कारको कालो ब्यानर

नवलपरासी। जनयुद्ध दिवसको पुर्ब सन्ध्यामा संयुक्त संर्घष समिति नवलपरासी अन्तगरत बिभिन्न बहिष्कारवादी पार्टीहरूले बर्दघाट बजारको चोकचोकमा कालो ब्यानर लगाएर निर्वाचनको बिरोध गरेका छन्। निर्वाचन बहिष्कारको पक्षमा प्रचार प्रसार तीब्र बनाउदै संयुक्त संघर्ष समिति सम्बद्ध पार्टीहरूले समितिको संयुक्त र पार्टीको एकल कालो ब्यानर लगाउदै निर्वाचनको बिरोध गरेका हुन।

साम्राज्यवादद्वारा प्रयोजित संसदीय निर्वाचन बहिष्कार गर्न आब्हान गर्दै जिल्ला संर्घष समितिले प्रचार प्रसारको गतिबिधि तीब्र बनाएको संयोजक एवं क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका युवा नेता तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले जानकारी दिए। उनका अनुसार दोस्रो चरणको संर्घषका कार्यक्रम बमोजिम जिल्लाभर पर्चा वितरण, पम्पलेट,ब्यानर टाग्ने




र घरदैलो कार्यक्रमहरू जिल्लाका बिभिन्न पालिकास्तरमा भइरहेका छन्। सो क्रममा बर्दघाट नगरको ४ नम्बर वडाको कार्यालय परिसर, बसपार्क, मुख्य बजार, चिसापानी चोकलगायतका स्थानमा बहिष्कारको कालो ब्यानर टागेर बिरोध कार्यक्रम भएको समितिले जनाएको छ। निर्वाचन कार्यालय नजिकै पर्ने वडा कार्यालय देखि मान्छेहरूको आवत जावत बाक्लो हुने बजारको मुख्य चोक, बसपार्क, हाट बजारलगायतमा बग्रेल्ती कालो ब्यानर टाङ्गिएपछि यहाँको प्रहरी प्रशासन हैरानीमा परेको जनाइएको छ। सो कालो ब्यानर लाई प्रहरी प्रशासनले आचारसंहिता उल्लंघन भन्दै हटाउने गरेपनि बहिष्कारवादी दलले भित्तेलेखन मार्फत पनि बहिष्कार कार्यक्रमलाई बढावा दिइरहेको स्थानीयवासी बताउछन्। जिल्लामा केन्द्रीय संर्घष समितिमा सम्बद्ध चार पार्टी मध्ये क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल र नेकपा (बहुमत) क्रियाशिल रहेको समितिले जनाएको छ। सुशिला कार्की नेतृत्वको सरकारलाई कठपुतलीको संज्ञा दिदै संर्घष समितिले स्वाधीन संयुक्त सरकारको माग गर्दै आएको छ। बहिष्कार आन्दोलनमा बैक तथा बित्तीय पीडित, मिटर ब्याज पीडित मजदुर एंव किसान तथा नो भोट अभियानलगायतको साथ रहेको संर्घष समितिले जनाएको छ।

# आकाशको अतिक्रमण र सार्वभौमिकताको स्खलन : 'अमेरिकी वायु सेनाको विमान सी–१७'को छायामा नेपालको भू–राजनीतिक विचलन–१



● प्रयास कौशिक धिताल ●

काठमाडौंको चिसो बताससँगै नेपालको भू-राजनीतिक तापक्रम भने यतिबेला इतिहासकै सर्वाधिक संवेदनशील मोडमा उभिएको छ। आधुनिक नेपाल निर्माण मा नेतृत्वकर्ता राजा पृथ्वीनारायण शाहले करिब तीन शताब्दीअघि कोर्नुभएको 'नेपाल दुई ढुंगाबीचको तरुल हो' भन्ने दिव्य उपदेश केवल एक भनाइ मात्र थिएन। त्यो नेपालको सामरिक अस्तित्वको रक्षाकवच थियो। उत्तरको चीन र दक्षिणको भारतजस्ता उदाउँदा शक्तिराष्ट्रहरूको चेपमा रहेर पनि आफ्नो सार्वभौमसत्ता जोगाउन नेपालले शताब्दीऔंदेखि असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तलाई आफ्नो अस्तित्वको मन्त्र मान्दै आएको छ। कुनै पनि शक्ति राष्ट्रको सैन्य गठबन्धनमा नलाग्ने र आफ्नो भूमि कसैका विरुद्ध प्रयोग हुन नदिने यो ऐतिहासिक कूटनीतिक पर्खाल नै हाम्रो राष्ट्रिय स्वाधीनताको आधारशिला थियो। तर, गत कार्तिक २४ गते (९ नोभेम्बर २०२५) मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा जब अमेरिकी वायुसेनाको विशाल रणनीतिक विमान 'सी-१७ ग्लोबमास्टर थ्री' ले आफ्नो विशाल पखेटा फैलाउँदै अवतरण गर्यो, तब नेपालको त्यो ऐतिहासिक कुटनैतिक 'लक्ष्मण रेखा' मा ठूलो भ्वाङ परेको महसुस गरियो। ७७ हजार किलो कार्गो, सैनिक सवारी साधन वा ठूलो संख्यामा सैनिक दस्ता बोक्न सक्ने क्षमता भएको यो विमानको आगमन सामान्य कूटनीतिक भ्रमणको अंश मात्र थिएन। यो नेपालको परम्परागत कूटनीतिक सन्तुलन भत्किएको एउटा भयानक संकेत थियो।

केही महिनाअघि मात्र नेपालको राजनीतिमा एक अभूतपूर्व परिवर्तन आएको थियो। भ्रष्टाचार, कुशासन र पुराना राजनीतिक दलहरूको सिन्डिकेटविरुद्ध उर्लिएको जेन जी आन्दोलनको ज्वारभाटाले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको शक्तिशाली सत्तालाई गलहत्याउँदै पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा आवश्यकताको सिद्धान्तलाई टेकेर अन्तरिम सरकारको गठन गराएको थियो। आम जनताले यस परिवर्तनलाई विधिको शासनको पुनर्स्थापना, पारदर्शिता र नयाँ बिहानीका रूपमा स्वागत गरेका थिए। तर, राजनीतिको भित्री तहमा सुरुदेखि नै एउटा मधुरो तर गम्भीर आरोप गुन्जिरहेको थियो - "यो जेन जी विद्रोह जुन भ्रष्टाचार, कुशासन र पुराना राजनीतिक दलहरूको सिन्डिकेटविरुद्ध गरेका थिए, त्यसलाई हाईज्याक गरी पश्चिमाको इच्छा अनुसार निर्माण भएको सरकार।" आलोचकहरूले प्रधानमन्त्री सुशीला कार्कीको विगत र बार्बरा फाउन्डेसन जस्ता पश्चिमा संस्थाहरूसँगको वैचारिक निकटतालाई जोडेर यो सरकारलाई "पश्चिमाहरूको कम्फर्टेबल सरकार" को संज्ञा दिने गरेका थिए। सुरुवाती दिनमा यी आरोपहरू फगत षड्यन्त्रका सिद्धान्त जस्ता लाग्थे। तर, यो नयाँ राजनीतिक अध्यायको मसी सुक्न नपाउँदै अमेरिकी सैन्य विमानको रहस्यमय अवतरण र त्यसलाई राज्य संयन्त्रले दिएको अस्वाभाविक 'कूटनीतिक उन्मुक्ति' ले ती आलोचकहरूका दाबीलाई अकाट्य प्रमाणमा परिणत गरिदिएको छ। सडकबाट आएको परिवर्तनले आकाशमा हुने भू-राजनीतिक खेललाई रोक्न नसकेको मात्र होइन, कतै यो सरकार टाढाको शक्ति केन्द्रबाट निर्देशित त छैन भन्ने प्रश्नलाई यस घटनाले ज्वलन्त बनाएको छ।

यस लेखकले नेपालको सूचनाको हक ऐन, २०६४ र अमेरिकाको स्वतन्त्र सूचना ऐनको प्रयोग गरी रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त गरेका आधिकारिक कागजातहरूको सुक्ष्म विश्लेषण गर्दा राज्य संयन्त्रको एक लज्जास्पद र विरोधाभासपूर्ण तस्बिर उजागर भएको छ। यी कागजातहरूले नेपाल सरकारका विभिन्न निकायबीचको समन्वयको अभाव मात्र देखाउँदैनन्, बरु कानुनको नियोजित अपव्याख्या र प्रशासनिक चुकावटको डरलाग्दो शृंखला नै प्रस्तुत गर्दछन्। रक्षा मन्त्रालयको सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखाले मिति २०८२र०८र०९ (२४ नोभेम्बर २०२५) मा जारी गरेको पत्र संख्या ०८२र८३ ,चलानी नं ११०८ मा अमेरिकी वायुसेनाको उक्त विमानले कूटनीतिक समान ल्याएको र चालकदलका सदस्यको विश्रामका लागि अवतरण भएको उल्लेख गरेको छ। यसैगरी, परराष्ट्र मन्त्रालयले उपलब्ध गराएको विवरण (दर्ता नं. १२-१७६२९३७६२३(१५०१) ले यो प्रकरणलाई अझ रहस्यमय बनाएको छ। मन्त्रालयले उक्त विशाल विमान नेपालमा अमेरिकी राजदूतावासको लागि कूटनीतिक झोला (म्प्उकिबतष्अ द्यबन) ल्याउने उद्देश्यले आएको र त्यसका लागि कूटनीतिक सम्बन्ध सम्बन्धी भियना महासन्धि, १९६१ को धारा २७ को उपधारा १, ३ र ५ बमोजिम अनुमति प्रदान गरिएको दाबी गरेको छ। यो जवाफ कानुनी र व्यावहारिक दुवै दृष्टिकोणबाट अत्यन्त हास्यास्पद र विरोधाभासपूर्ण छ। सन् १९६१ मा भियना महासन्धि निर्माण हुँदा 'कूटनीतिक झोला' भन्नाले सानो आकारको, कागजात बोक्ने थैलो वा बढीमा पार्सल बुझिन्थ्यो। ७७ हजार किलोसम्म भार बोक्ने क्षमता भएको, १८ जना चालक दलका सदस्य (जुन सामान्य कार्गो उडानको ३-४ जनाको तुलनामा अत्यधिक हो) सहितको सैन्य रणनीतिक विमानलाई एउटा सानो झोला सरहको सुविधा र उन्मुक्ति दिनु अन्तर्राष्ट्रिय कानुनको ठाडो दुरूपयोग हो। मन्त्रालयले गृह, रक्षा र पर्यटन मन्त्रालयसँग समन्वय गरेको दाबी गरे पनि एउटा सैन्य मिसनलाई कूटनीतिक झोलाको परिभाषाभित्र कोचेर उन्मुक्ति दिनुले नेपालको परराष्ट्र नीतिको निरीहतालाई छर्लंग पारेको छ।

नागरिक उड्डयन प्राधिकरणको भूमिका पनि यस प्रकरणमा केवल रबर स्ट्याम्पु भन्दा माथि देखिँदैन। हवाई यातायात विभागको पत्र संख्या १२६१ (मिति २०८२/०८/२८) अनुसार प्राधिकरणले अमेरिकी राजदूतावासको 'कूटनीतिक नोट' (ल्यतभ या ख्भचदबभि) र परराष्ट्र मन्त्रालयको सिफारिसका आधारमा आँखा चिम्लिएर अनुमति दिएको देखिन्छ। प्राधिकरणले पनि यसलाई भियना महासन्धि अन्तर्गतको 'कूटनीतिक उडान' भनेर स्वीकार गर्नुले नियामक निकायको स्वायत्ततामाथि प्रश्न उठाएको छ। के ७७ हजार किलो कार्गो बोक्ने सैन्य विमान र एउटा सानो खाम बोक्ने कूटनीतिक कुरियरलाई एउटै तराजुमा राखेर हेर्न मिल्छ ? प्राधिकरणको यो लाचारीले नेपालको आकाशको सुरक्षा र सार्वभौमिकताको जिम्मा कतिको कमजोर हातमा छ भन्ने पुष्टि गर्दछ। यस घटनाको सबैभन्दा गम्भीर पक्ष भनेको दुई अन्तर्राष्ट्रिय महासन्धिहरू शिकागो महासन्धि (१९४४) र भियना महासन्धि (१९६१) बीचको कानुनी द्वन्द्व र त्यसको गलत प्रयोग हो। अन्तर्राष्ट्रिय नागरिक उड्डयनको संविधान मानिने शिकागो महासन्धिको धारा ३(ख) अनुसार सैन्य सेवामा प्रयोग हुने विमान स्पष्ट रूपमा राजकीय विमान हुन्। सोही महासन्धिको धारा ३(ग) र धारा १६ ले यस्ता विमानलाई अर्को राज्यमा अवतरण गर्दा विशेष अनुमति चाहिने र आयोजक राष्ट्रलाई विमानको तलासी (Search) गर्ने पूर्ण अधिकार सुरक्षित गरेको छ। 'सी-१७ ग्लोबमास्टर' निस्सन्देह एक सैन्य विमान हो र यो शिकागो महासन्धिको क्षेत्राधिकारभित्र पर्दछ, जसले पारदर्शिता र निगरानीको माग गर्दछ। तर, नेपाल सरकारले चलाखीपूर्ण वा लाचारीपूर्ण ढंगले यस विमानलाई भियना महासन्धिको धारा २७ को 'कूटनीतिक झोला' को परिभाषाभित्र छिराएर शिकागो महासन्धिले दिएको 'खोजी गर्ने अधिकार' र नेपालको नागरिक उड्डयन ऐन, २०१५ को दफा १०(ख) (जसले हतियार र विस्फोटक पदार्थको खोजी गर्ने अधिकार दिन्छ) लाई पूर्णतः निष्क्रिय बनाइदियो।

यो कानुनी प्रपञ्चमार्फत सरकारले नेपालको सार्वभौमसत्तामा सार्वभौमसत्ताको दृष्टिहीन क्षेत्र को निर्माण गरेको छ। भियना महासन्धिले कूटनीतिक झोला खोल्न वा रोक्न नपाइने व्यवस्था गरेको भए पनि त्यो व्यवस्था पत्राचार र सामान्य कूटनीतिक सामाग्रीका लागि हो, सैन्य बन्दोबस्तीका सामान ओसार्ने विशाल विमानका लागि होइन। सरकारले ' कूटनीतिक झोला 'को आवरणमा सिङ्गो सैन्य विमानलाई नै चेकजाँच मुक्त बनाउनु भनेको राष्ट्रिय सुरक्षामाथिको गम्भीर खेलबाड हो। १८ जना अमेरिकी सैनिक नेपालको भूमिमा अवतरण गर्दा, उनीहरूले के ल्याए र के लिएर गए भन्ने कुराको जानकारी नेपालको कुनै पनि निकायले आधिकारिक रूपमा राख्न नसक्नु वा नचाहनुले हामी कति स्वाधीन छौं भन्ने कुराको तितो यथार्थ ओकलेको छ। परराष्ट्रले गृह मन्त्रालयसँग समन्वय भएको दाबी गरिरहँदा गृह प्रशासन किन बेखबर जस्तै देखियो ? १८ जना विदेशी सैनिकको उपस्थितिलाई गृह मन्त्रालयले किन सामान्य रूपमा लियो वा जानकारी नभएको अभिनय गर्यो ? यो केवल प्रक्रियागत त्रुटि होइन, यो नियतवश अन्तरीम सरकारले गरिएको भू-राजनीतिक सम्झौताको गन्ध हो। यो प्रकरणले जेन जी सरकारको पारदर्शिताको नारालाई गिज्याएको मात्र छैन, नेपालको सार्वभौमसत्ता अब कानुनी कागजातका छिद्रहरूमा बन्धक बन्न थालेको भयावह संकेत पनि गरेको छ।

*मिति : २०८२/११/०८*

# रोबोटबाट अर्थ–सामाजिक स्थितिमा उत्पन्न हुने रोजगारीको खतरा



● लोकनारायण सुबेदी ●

**यो त एउटा अध्ययन प्रतिबेदनको उदाहरण मात्र हो। सबै देशमा बेसी घटी यो चिन्ताको बिषय बनेको छ र थप बन्ने छ। तथापि रोबोटिक्सको बढ्दो बिश्व उपयोगितालाई ध्यानमा राखेर कसरी रोजगारी–मैत्री किसिमले यसको उपयोग गर्न सकिन्छ र गर्नु पर्दछ त्यो आज बिकासबिद्हरुले ध्यान केन्द्रित गर्नु पर्ने बिश्वकै एउटा महत्वपूर्ण र मूल चिन्ता र चासोको बिषय बनेको छ। जब बिश्व नै रोबोट उपयोगको दिशामा बढिरहेको छ भने यसको महत्वलाई अस्वीकार या तिरष्कार गरेर यसको प्रभाव र प्रवाहबाट बच्न सकिने छैन। यो अपरिहार्य बस्तु जस्तै बनिसकेको छ।**

आज बिश्वमा बिज्ञान र प्रबिधि बिकासको चरमोत्कर्षको चरणबाट गुज्रिरहेको छ। त्यस क्रममा भएको पछिल्लो 'रोबोट' प्रबिधिको बिकासले त मानिसलाई कामकाजबाटै बिस्थापित गर्ने स्थिति सिर्जना हुँदै गइरहेको छ। मूख्यतः यसबाट उद्योगधन्धाहरूबाट प्राप्त हुने रोजगारीमा प्रतिकूल प्रभाव पर्ने खतरा उत्पन्न हुँदै गएको र अझ थप हुँदै जाने भएकोले यस बिषयको चिन्ता बिश्वब्यापीरूपमा बढिरहेको पनि छ। यस्तो चिन्ता बढी जनसंख्या भएका देशहरूमा अझ बढी हुनु स्वभाविकै पनि हो।

आजको बिश्व अर्थब्यबस्थामा रोबोटको महत्व कत्तिको बढेर गएको छ यसको अनुमान अमेरिकाको बोस्टन कन्सल्टिङ्ग समूहको आजभन्दा ७ बर्ष अघि २०१९को एक प्रतिबेदनबाट लगाउन सकिन्छ। त्यस प्रतिबेदनका अनुसार यो रोबोट प्रबिधिले बिश्व बजारमा ठूलो छलाङ्ग मारेको छ र यो दिनानु दिन बढ्दै गएको छ। आजभन्दा १६ बर्ष अघि २०१० मा बिश्वमा रोबोटको बजार करीब करीब १५ अर्ब डलर जतिको थियो। ६ बर्ष अघि गएको २०२० मा आइपुग्दा यसको बजार बढेर ४३ अर्ब डलरभन्दा माथि पुगिसकेको थियो। त्यस आधारमा के अनुमान गरिदै थियो भने बितेको बर्ष २०२५ मा यो अझ बढेर ६७ अर्ब डलर हुनपुग्ने अनुमान गरिएको थियो।

यतिबेला बिश्वमा सबैभन्दा बढी कार्यरत रोबोटहरू जुन जुन देशमा छन् ती देशहरूमा चीन, जापान, अमेरिका, दक्षिण कोरिया र जर्मनी सबैभन्दा प्रमुखरूपमा आउँदछन्। आज बिश्वमा बिभिन्न प्रकारका रोबोटहरूको संख्या पनि तीब्र गतिमा बढ्दै गइरहेको छ। सामान्यतया रोबोट दुइ किसिमका हुन्छन्। ती हुन् - औद्योगिक रोबोट र सर्भिस रोबोट। औद्योगिक अर्थात इण्डस्ट्रियल रोबोटहरूले औद्योगिक इकाई र कारोबारहरूमा काम गर्दछन्। अर्कोतिर सेवा प्रदायक अर्थात् सर्भिस रोबोटहरूले सेबाका बिभिन्न क्षेत्रहरूमा काम गर्ने गर्दछन्। सेवा रोबोट अन्तरगत प्रोफेशनल रोबोट, मनोरञ्जनात्मक(इण्टरटेनमेण्ट) रोबोट, डोमेस्टिक (घरायसी) रोबोट आदि सामेल हुन्छन्।

बिश्वमा बढ्दो रोबोटको संख्यालाई मध्यनजर राख्दा प्रसिद्ध वर्ल्ड रोबोटिक्स २०१९ को एक्जेक्यूटिभ समरी निकै महत्वपूर्ण मानिन्छ। त्यस अनुसार बिश्वमा अपरेशनल स्टक अर्थात् कार्यरत औद्योगिक रोबोटको संख्या २०१८ मा २४ लाख थियो र त्यो बितेको २०२२ सम्ममा बढेर झण्डै ४० लाख पुग्ने अनमान रहेको थियो। यो कुरा पनि उत्तिकै महत्वपूर्ण छ कि औद्योगिक रोबोट चीनमा नै सबैभन्दा बढी छ। चीनमा ८ बर्ष अघि २०१८मा करीब ६५ लाख औद्योगिक रोबोटहरूको स्टक रहेको थियो। चीनमा प्रत्येक १० हजार कर्मचारीको बीचमा ७३२ रोबोटले काम गरिरहेको चार बर्ष अघिको अभिलेख थियो।

भारतमा रोबोटको संख्यालाई मध्येनजर राख्दा इण्टरनेशनल फेडेरेशन अफ रोबोटिक्स २०१९ को प्रतिबेदन निकै महत्वपूर्ण रहेको छ।त्यस प्रतिबेदनका अनुसार भारतमा २०१८ मा करीब २३ हजार औद्योगिक रोबोटहरू कार्यरत थिए। त्यतिबेला पूरै बिश्वमा औद्योगिक रोबोटहरूको स्थितिमा भारत ११औं स्थानमा रहेको देखिन्छ। भारतमा २०१८मा झण्डै ४७७१ जति औद्योगिक रोबोट खडा गरिएको थियो। यो संख्या बितेको २०२० को अन्त्यसम्ममा करीब ६ हजार पुग्ने सम्भाबना रहेको बताइएको थियो। भारतमा औद्योगिक क्षेत्रमा प्रत्येक १० हजार कर्मचारीहरूका बीचमा ४ रोबोटले काम गरिरहेका छन्। भारतमा रोबोट तैनाथीको परिदृष्य हेर्दा बाहन उद्योगमा यो रोबोटको संख्या सबैभन्दा बढी रहेको देखिन्छ। रोबोटको तैनाथीले बाहन उद्योगहरूमा रोजागारीमाथि प्रतिकूल असर परिरहेको अनुसन्धानले देखाएको हो।

अबश्य पनि आजको बिश्वमा महामारी कोभिड-१९ फैलिएयता बिश्वमा उपभोक्ताहरूको प्राथमिकतामा रोबोटको महत्व अझ बढ्ने यसका जानकारहरूले उल्लेख गरिहेका छन्। एकातिर अब बिश्वमा रोबोटनै बिश्व अर्थब्यबस्थाको एउटा अहं हिस्सा हुन जानेछ भने अर्कोतिर जुन देशहरूमा कार्यशील यूवाहरूको कमी छ ती देशहरूमा यो रोबोटहरू अत्याधिक लाभप्रद हुनेछन्। तर यसको बिपरीत अर्कोतिर जुन देशहरूमा कार्यशील मानिसहरूको जनसंख्या बढी छ रोबोटको संख्या बढ्दा रोजगारी वा नोकरी गुम्ने चिन्ता पनि स्वभावतः बढ्ने नै छ।

निश्चय पनि रोबोटबाट नोकरी गुम्ने चिन्ताजनक परिदृष्य भारतमा बसैभन्दा बढी देखिने छ। बिश्व बैंकले दक्षिण एशियाको अर्थब्यवस्थमा केन्द्रित रोजगाररहीत बिकास नामको एउटा प्रतिबेदनमा भनेको छ कि भारतमा तीब्ररूपमा रोजगारीको ढोका ढकढक्याउने यूवारुको संख्यालाई हेर्दा प्रत्येक बर्ष ८१ लाख नयाँ रोजगारी या नोकरी सिर्जना गर्नुपर्ने स्थिति छ। यसका लागि भारतमा १८ प्रतिशतको बृद्धि दर कायम हुनुपर्ने छ। यसरी छलाङ्ग लगाएर बढिरहेको रोजगारीको आवश्यकाताका बीच रोबोटको तैनाथी निक्कै नै चूनौतिपूर्ण हुने निश्चित छ।

केही बर्ष पहिला २६ अगष्टका दिन मेकेञ्जी ग्लोबल इन्स्टीच्यूट(एमजीआई)ले'इण्डियाज टर्निङ्ग पोइण्ट–एन इकोनोमिक एजेण्डा टु स्पर ग्रोथ एण्ड जब' नामको जारी प्रतिबेदमा के भनेको थियो भने भारतमा आगामी २०२९-३० सम्ममा गैर कृषि क्षेत्रमा नोकारी या रोजगारीको खोजीमा ९ करोड अतिरिक्त मानिसहरू आइसक्ने छन्। त्यस प्रतिबेदनका अनुसार कोभिड-१९ पछि २०२९-३० सम्म हरेक बर्ष १२ करोड गैर कृषि क्षेत्रामा रोजागारीको आबश्यकता पर्नेछ। जबकि २०१२ देखि २०१८ का बीचमा प्रति बर्ष ४० लाख मात्र रोजगारीको सिर्जना हुन सकेको भारतको अभिलेख छ।

यस्तो स्थितिमा जहाँ ठूला स्तरमा नयाँ रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ त्यही देशमा बढ्दो रोबोट तथा अटोमेशन(स्वचालित) मेशिनका कारण रोजगारीमा कमी आउने कुरा ठूलो चूनौतिको बिषय बन्छ। भनिन्छ भारतमा रोबोटको संख्या बढ्न जाँदा डाटा इण्टी क्लर्क, कारखाना मजदुर, बिजनेश सेवा, प्रशासनिक ब्यबस्थापक, लेखापाल, जनरल अपरेशन म्यानेजर, स्टक किपिङ्ग क्लर्क, डाक सेवा क्लर्क, बित्तीय समीक्षक,क्याशियर तथा टिकट क्लर्क,मेकानिक, बिद्यूत तथा टेलिकम रिपेयरिङ्ग सेवा, बैंक क्लर्क तथा कार, भ्यान तथा मोटर साइकल चालक, एजेण्ट तथा ब्रोकर, घर-घरमा सामान बेच्ने कार्य, वकिल, बीमा क्लर्क, र भेण्डर सेबा जस्ता सबै क्षेमा रोजगारी कम हुन जाने दर्शाइएको छ।

यो त एउटा अध्ययन प्रतिबेदनको उदाहरण मात्र हो। सबै देशमा बेसी घटी यो चिन्ताको बिषय बनेको छ र थप बन्ने छ। तथापि रोबोटिक्सको बढ्दो बिश्व उपयोगितालाई ध्यानमा राखेर कसरी रोजगारी-मैत्री किसिमले यसको उपयोग गर्न सकिन्छ र गर्नु पर्दछ त्यो आज बिकासबिद्हरूले ध्यान केन्द्रित गर्नु पर्ने बिश्वकै एउटा महत्वपूर्ण र मूल चिन्ता र चासोको बिषय बनेको छ। जब बिश्व नै रोबोट उपयोगको दिशामा बढिरहेको छ भने यसको महत्वलाई अस्वीकार या तिरष्कार गरेर यसको प्रभाव र प्रवाहबाट बच्न सकिने छैन। यो अपरिहार्य बस्तु जस्तै बनिसकेको छ।

त्यसैले रोबोटलाई मानबोपयोगी के केसरी बनाउन सकिन्छ, कसरी कार्यशील यूबा शक्तिलाई रोजागरीबाट बिमुख हुनुपर्ने स्थितिबाट बचाउन र उनीहरूको प्रतिभा, कौशल र निपूणतालाई सही दिशामा सही किसिसमले लगाउन र बिश्वलाई उन्नत, मानबीय र सभ्य तथा मानब-मैत्री तुल्याउन सकिन्छ यतातिर गम्भीरतम चिन्ता गर्नुपर्ने र ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता छ। आज आइटी अर्थात् इन्फरमेशन टेक्नोलोजीमा पनि रोबोटको उपयोगिता र रोजगारीको बाटो हेरिरहेका नयाँ पिढीका बीच कसरी तालमेल र तादाम्यता मिलाउन सकिन्छ त्यो बिकास नीतिले आज हेर्नु र केलाउनु पर्ने बिश्वको मूल बिषयनै बन्दै गएको छ। त्यसलाई समाधान गर्न यूवा पिढीलाइ रोबोट जस्तो आर्टिफिशियल इण्टेलीजेन्स(एआई) को उच्च कौशलबाट सुशिक्षित प्रशिक्षित तुल्याउने रणनीति बनाइनु अति अत्याबश्यक छ। नत्र मानिसको प्रतिभाले सिर्जना गरेको रोबोटले मानिसलाई नै अमानबीयकरणको दिशामा धकेल्ने कुरा टाढाको कुरा हुनेछैन। मानब-मैत्री बिकासमा रोबोट प्रयुक्त गर्ने परिस्थिति निर्माण गर्न सके मात्र यो समस्याको सही किसिमले दीगो समाधान हुने बिज्ञान मानब बिरोधी अभिशाप हुनबाट पनि जोगिने देखिन्छ।

# 'रेकर्ड ब्रेक बहिष्कार'

**● विजय संकल्प ●**

काठमाडौंको एउटा कफी सपमा ल्यापटप अगाडि बसेका थिए– 'आर्यन'। उनी कुनै राजनीतिक दलका कार्यकर्ता थिएनन्, बरु एक 'डाटा एनालिस्ट' थिए। उनको छेउमा 'रिया' थिइन्, जो सोसल मिडिया इन्फ्लुएन्सर थिइन्। बाहिर चुनावको प्रचार-प्रसारको कोलाहल थियो, तर भित्र उनीहरू एउटा 'डिजिटल क्रान्ति' को मस्यौदा तयार पार्दै थिए। "आर्यन, नेताजीहरू भन्छन्– 'मतदान गर्नु नागरिकको कर्तव्य हो'," रियाले खिसी गर्दै भनिन्।

आर्यनले आफ्नो चस्मा मिलाउँदै जवाफ दियो, "यो कर्तव्य होइन, रिया। यो त उनीहरूले बनाएको एउटा 'लुप' (ीययउ) हो। हामी पाँच वर्षसम्म एउटै फाइल चलाउँछौं– जसको नाम हो 'भ्रष्टाचार'। उनीहरू भन्छन्, 'भोट देऊ, फाइल अपडेट हुन्छ।' तर फाइल उही हुन्छ, केवल नाम फेरिन्छ।"

निर्वाचनको मिति नजिकियो। सहरभरि ठूला-ठूला पोस्टर टाँसिएका थिए। तर जेन-जी पुस्ताले यसपटक भिन्न बाटो रोज्यो। उनीहरूले सडकमा नाराबाजी गरेनन्, बरु एउटा 'ह्याशट्याग' ट्रेन्ड गराए– System Reboot।

निर्वाचनको दिन आयो। काठमाडौंका केही पोलिङ स्टेसनमा अचम्मको दृश्य देखियो। मानिसहरू लाइनमा थिए, तर भोट हाल्न होइन। उनीहरू आफ्नो औंलाको मसी देखाउँदै एउटा नयाँ डिजिटल एपमा 'बहिष्कार' (Bypass) बटन थिच्दै थिए।




एकजना वृद्ध नेता मतदान केन्द्रमा आफ्नो विजयी मुस्कान लिएर आए। उनले सोचेका थिए, आफ्नो पकेट क्षेत्रका युवाहरूले उनलाई नै भोट दिनेछन्। तर, मतदान अधिकृतको अनुहार मलिन थियो।

"के भयो ? लाइन त छ नि ?" नेताले सोधे।

अधिकृतले पसिना पुछ्दै भने, "हजुर, लाइन त छ। तर यिनीहरू भोट हाल्न आएका होइनन्। यिनीहरूले बाहिर 'बहिष्कारको डिजिटल सिग्नेचर' संकलन गरिरहेका छन्। उनीहरू भन्दैछन्– यो व्यवस्थाको 'सफ्टवेयर' नै करप्ट छ, त्यसैले हामीले यो पटक 'अनइन्स्टल' गरिदियौं।"

नेताजीले भित्र गएर हेरे। बाकसमा रित्तोपन थियो। उनी बाहिर निस्किएर चिच्याए, "यो त अपराध हो! लोकतन्त्रको हत्या हो!"

आर्यनले भीडबाटै आफ्नो स्मार्टफोनमा क्यामेरा अन गर्यो र लाइभ गर्दै भन्यो, "नेताजी, लोकतन्त्रको हत्या त तब भयो, जब तपाईंहरूले हाम्रो सपनालाई 'अनसर्भ' (ग्लकभचखभ) राख्नुभयो। हामीले भोट हाल्न छोड्नु हत्या होइन, यो त तपाईंहरूको 'आउटडेटेड' (इगतमबतभम) सिस्टमलाई 'क्र्यास' गराउने हाम्रो अन्तिम प्रयास हो। अब अर्को चुनावको कुरा नगर्नुहोस्, अब यो देशको 'अपरेटिङ सिस्टम' बदल्ने कुरा गर्नुहोस्।"

त्यो दिन बेलुका नतिजा आयो– 'रेकर्ड ब्रेक बहिष्कार'। निर्वाचन आयोगले 'सहभागिता न्यून' भनेर रिपोर्ट जारी गर्यो। तर आर्यन र रियाको एपमा एउटा सन्देश फ्ल्यास भइरहेको थियोः "क्थकतभ्र क्गअअभककागीथि ऋचबकजभम. ध्बष्तष्लन ायच ब ल्भध इक."

पुराना नेताहरूले आफ्नो जितको उत्सव मनाउन सकेनन्। उनीहरूले बुझिसकेका थिए, अबको पुस्तालाई 'कागजको मतपत्र' ले फकाउन सकिँदैन, किनकि उनीहरूले 'भविष्यको कोड' लेख्न सुरु गरिसकेका छन्।

# मातृभाषा राष्ट्रिय कविता महोत्सव २०८२ सम्पन्न



काठमाडौँ। नेपाल प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय मातृभाषा दिवस -२०२६को आयोजना गरेको थियो। कार्यक्रमको सुरुमा काठमाडौँको कमलादी,घण्टा र ,रत्नपार्क र दरबारमार्ग लगायतका स्थानको परिक्रमा विभिन्न जनजाति र मातृभाषाका समूहका बाजागाजा र वेशभूषा तथा सांस्कृतिक विशेषता झल्किने झाँकीसहित प्रभातफेरी तथा शोभायात्रा गरिएको थियो। कार्यक्रममा थारु, नेवाः, मगर, लिम्बू, थामी, धिमाल, शेर्पा, गुरुङ, छन्त्याल, सुनुवार, राई, तामाङलगायतका आदिवासी जनजातिले आआफ्ना सांस्कृतिक झाकीहरू प्रस्तुत गर्नुभएको थियो। पानसमा बत्ती बालेर उक्त महोत्सवको समुद्घाट्न नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले गर्नुभएको थियो।उहाँले कार्यक्रमलाई सम्बोधन गर्दै नेपालको मातृभाषा विभेदमा परेको थियो। मातृभाषाको संरक्षण र संवर्धानका नाममा औपचारिकता मात्रै नभई सरकारले विशेष योगदान गर्नुपर्ने बताउँदै भाषिक र सांस्कृतिक हिंसाको अन्त्यका लागि सबै जागरुक हुनुपर्ने विषयमा जोडदिनु भएको थियो ।कुलपति राईले मातृभाषाका कविताले आआफ्नो भाषालाई समृद्ध बनाउने र भाषा बचाउने बताउनु भएको थियो।

प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले सबै जातजातिका मातृभाषाको जर्गेना गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा विचार ,विमर्श र मातृभाषा राष्ट्रिय कविता महोत्सवको आयोजना प्रज्ञा-प्रतिष्ठानले गर्दै आएको बताउनुभएको थियो। यसले समग्रमा मातृभाषाको उत्थान र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभएको थियो।

मातृभाषा राष्ट्रिय कविता महोत्सव-२०८२का संयोजक , प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवम् साहित्य मातृभाषा कोश तथा व्याकरण विभाग प्रमुख त्रैलोक्यमान बनेपाली अगिबुले नेपालमा मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न आआफ्ना ठाउँबाट सबैले लामो त्याग र सङ्घर्ष गर्नुपरेको बताउनु भएको थियो। उहाँले २०७२ सालको संविधानले सबै मातृभाषालाई राष्ट्रभाषा र काठमाडौँ महानगरले नेपालभाषामा पठनपाठनको व्यवस्था मिलाएको चर्चा गर्दै मैथिली लगायतका दर्जन बढी मातृभाषामा समेत विद्यालयमा पढाइ भइरहेको चर्चा गर्दै यसले मातृभाषा बचाउन महत्त्वपूर्ण कार्य गरेको बताउँदै स्वागत मन्तव्यप्रस्तुत गर्नुभएको थियो। मातृभाषा राष्ट्रिय कविता महोत्सव २०८३मा ४२ वटा भाषाका प्रतिनिधिमूलक कविताहरू वाचन गरिएको थियो।

जसमा दिवस राई -लोहोरुङ्ग ,प्रकाश याख्खा याक्खा, चम्मर राई-बाहिङ,शान्ता नाछिरिङ-नाछिरिङ, अर्जुन राई-दुङ्माली, जिडी राई -वान्तवा, रविन खालिङ राई -खालिङ,सहस्रा राई -चाम्लिङ,हिरामायाघिसिङ-तामाङ,विद्यानन्द यादव-मैथिली,नेपोलियनचेपाङ-चेपाङ, युवराज गुप्ता बैरागी-अबधी ,उपेन्द्रदास उपबिण- मगही ,प्रकाश कट्टारी-भोजपुरी,पवित्रा थापा मगर-मगर ढुट, दिलिप बुडा मगर-मगर खाम ,सन्तोषी चौधरी-थारु ,भीम कुरुम्बाङ खाम्बोङ्सा लिम्बू -लिम्बू ,विवेक भट्टराई-संस्कृत, सविना महर्जन-नेपालभाषा, रेनुका कुमालकुमाल, देवीराम घोडासैनी देवर्षी-अछामी,सन्जाकुमारीदनुवार-दनुवार ,तारादेवी सुनुवार-सुनुवार ,सुरेन्द्र शाहीगुलाबकान्छो-बाजुरेली,डम्बर थामीअनुपमु-थामी, कर्णदयाल सोडारी-बैतडेली, वर्षा धिमाल-धिमाल, बिपीन शेरचन-थकाली, मीना पन्त-डोटेली, सेर्कु शेर्पा-शेर्पा, ममता उराँव-उराँव, जयप्रकाश ताजपुरिया-ताजपुरिया, दीपक घिमिरे-नेपाली, रञ्जितकुमार राजवंशी-राजवंशी,भोगेन्द्रविश्वकर्मा हरविश-अछामी, तेजबहादुर च्हकाली तमु गुरुङ, शिवचन्द्र प्रसाद साह-बज्जिका, विष्णु पुख्याल भनभनेली-भुजेल, रविन रेग्मी (खस, सुनिलकुमार मुडियारी - मुण्डाले आ-आफ्नो मातृभाषामा कवितावाचन गर्नुभएको थियो। मातृभाषा राष्ट्रिय कविता महोत्सव(२०८२का सहभागी कवि तथा झाँकी प्रस्तोताहरूलाई प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले प्रमाणपत्र समर्पण गर्नुभएको थियो। कार्यक्रमको उद्घोषण प्रज्ञा-प्रतिष्ठानका प्रज्ञासभा सदस्य कृष्णराज सर्वहारीले गर्नुभएको थियो।

**❑ यो साता कविता**

## होसियार ! होसियार ! होसियार !

**❑ हुकुमबहादुर सिंह**



*ए भोका नांगा उत्पीडित नेपालीहरु !*
*झुसिल्कीराझैं लाम लागेर कहाँ जादैछौ ?*
*के पाउने आशामा लाम लागेका छौ ?*
*किन भरयाङग बनिरहेका छौ ?*
*वर्गीय शत्रुलाई माथि माथि पुराउन।*
*जसका पछाडि लाम लागेका छौ*
*त्यो तिम्रो मित्र होइन।*
*त्यसका पछाडि लागेर*
*तिम्रो र तिम्रो वर्गको मुक्ति सम्भव छैन।*

*संसदीय व्यवस्था तिम्रो बाटो होइन*
*तिम्रो लागि त्यो तिम्रो सत्ताको व्यवस्था होइन*
*किन समय वर्वाद गर्दैछौ ए भोका नांगाहरु !*
*आफनो मुक्तिका लागि चिन*
*को हुन ? मित्र शक्ति*
*को हुन ? तिम्रा वर्गीय मित्रहरु र*
*को हुन ? तिम्रा वर्गीय सत्रुहरु*

*त्यो तिम्रो खलियान होइन*
*जहाँ तिमि नयाँ पौधा उमार्न पाउने छौ।*
*यो तिम्रो वर्ग नै होइन*
*जसबाट तिमीले वर्गीय मायाँ पाउने छौ।*
*जहाँ तिमी स्वतन्त्रतापूर्वक हिंडन पाउने छौ*

*तिमी त एउटा उत्पीडित जाति हौ*
*उत्पीडित लिंग हौ, उत्पीडित क्षेत्रका हौ*
*तर किन वर्गीय पक्षधरताभन्दा तल झरेर*
*उत्पीडकको लागि भरयांग बनेर दौडिरहेका छौ ?*

*अमेरिका र भारतका पूँजीपति बर्गका दलाल*
*नेपाली दलालहरुलाई किन सहीछाप गरेर दिन्छौ*
*नेपाल र नेपालीको स्वाभिमान र अस्तित्व ध्वस्त पार्न*
*झुसिल्कीराझैं लाम लागेर*
*स्वागतका लागि बुख्याँचा झैं खडा छौ जतातत्तै*
*फागुन २१ पछि तिमलाई तिनीहरु कसैले वास्ता गर्ने छैन।*
*संसदीय निर्वाचनको नौटंकीमा आफ्रूलाई समाहित गरेर*
*आखिर के पाउँछौ ? त्यसो गरेर*
*चिन आफ्नो वर्ग चिन*
*आफनो वर्गका लागि काम लाग्ने सिद्धान्त रोज, विचार रोज*
*पुँजीपतिको विचार र सिद्धान्त – संसदीय व्यवस्था बोकेर*
*कसरी मुक्ति मिल्छ ? एउटा गरीब किसान मजदुरको लागि*
*एउटा गरीव किसान मजदुरका लागि त*
*वेग्लै विचार छ, वेग्लै सिद्धान्त छ*
*छ वेग्लै पार्टी र सत्ता*
*अहिलेको सरकार र सत्ता तिम्रो लागि होइन,*
*यो त नेपालका दलाल पुँजीपति वर्गका लागि हो।*
*किनभने संसदीय व्यवस्थाको सरकार र सत्ता त*
*सधैंभरी दलाल पुजिपति वर्गका लागि बनेको हुन्छ।*
*त्यसैले त तिम्रा लागि मार्क्सवाद अजय बनेर खडा छ*
*लेनिनवाद र माओवाद जन्मेको छ।*
*हुनत मार्क्सवाद भन्दै संसदीय आहालमा लैजान लागेका*
*आफ्रूलाई कम्युनिस्ट भन्नेहरु नी छन् त्यहाँ।*
*लेनिनवाद र माओवाद हाम्रो विचार र सिद्धान्त हो भन्दै*
*त्यही संसदीय आहालमा बर्षौंदेखि डुवुल्की मार्दै*
*आएका कम्युनिस्ट भन्नेहरु पनि छन्।*
*संसदीय आहालमा पौडी खेल्दै क्रान्तिको*
*भ्रम छर्नेहरुबाट जोगिन झन कठिन छ।*
*कुनैपनि बाहनामा संसदीय आहालमा*
*लैजान खोज्नेहरुबाट होसियार*
*सानै भएनी कमजोर देखिएनी*
*संसदीय व्यवस्थाका विरूद्ध गर्जने कम्युनिस्टहरु नै*
*तिम्रा मित्र हुन,साथी हुन , हुन अनि तिम्रा कमरेडहरु*
*हो नेकाँका गगन थापाले भन्दै छ*
*नेकाँ गरीवको पार्टी होइन*
*खाना नपुग्नेको पार्टी होइन*
*यो त धनीको पार्टी हो*
*घोडा गाडी चढनेको पार्टी हो।*
*त्यस्तो पार्टीलाई तिमीजस्ता गरीव किसानले किन भोट हाल्ने ?*
*चाहे काँग्रेस, चाहे कम्युनिस्ट चाहे राप्रपा वा रास्वपा*
*संसदीय आहालमा पौडी खेल्न रमाउनेहरु*
*त्यसमा रमाएरनी*
*क्रान्तिको भ्रम दिन खोज्नेहरुदेखि होसियार !*
*होसियार ! होसियार ! होसियार !*

*२०८२ फागुन ४ बागडोल लपु*

## आँखाको पट्टी खोल, दिमागको बत्ती बाल

**❑ उज्वल**

*आँखाको पट्टी खोल, दिमागको बत्ती बाल*
*भावनामा होइन, विचारमा गढिएर कदम चाल*
*पतिङ्गर होइन, आँधीले नहल्लाउने सतिसाल बन*
*छेपारेहरु धोकेबाज हुन्छन्, आफ्नो बाटो आफैं खन*

*छद्म-व्यापारीहरु फेरि गाउँ छिरेका छन्, बिकाउ माल नबन*
*चटकेहरुबाट सावधान, आफैं जाकिने खाल्डो नखन*
*विषाक्त हावाहुरी चलेको छ, झ्याल ढोका बन्द राख*
*बैरीको लालचमा नफस, बचाउँ आमाको न्यायो काख*

*लड्नै बाँकी छ एउटा लडाइँ, गरिखानेको सुदिन ल्याउन*
*स्वाधीन र आत्मनिर्भर जनसत्ता, सुन्दर क्षितिज चिहाउन*
*विदेशी हस्तक्षेप र स्वदेशी दलाल जनवैरी हुन्, बेलैमा चिन्नैपर्छ*
*जनताको तागत अजेय हुन्छ, दलालको हातबाट सत्ता छिन्नैपर्छ*

## बरू जेल...

गरिएको छ। जनतामा सन्त्रास छ। जनता मतदान किन गर्ने ? मतदान गरेर आजसम्म के पाइयो र अब के पाइन्छ ? यो प्रश्न हरेक स्वतन्त्र नागरिकको मनमा छ। तर बाहिर बोल्ने स्वतन्त्रता छैन। बुट र बन्दुकले जनताको त्यो आवाज दबाउने फासिवादी अभ्यास सुशिला कार्कीले सुरु गरेको छ। सत्ता र व्यवस्थामाथि प्रश्न गर्न पाउने, शान्तिपूर्ण रूपमा विरोध र भण्डाफोर गर्न पाउने, आम नागरिकमा आफ्ना विचारहरू स्वतन्त्रतापूर्वक राख्न पाउने न्यूनतम लोकतान्त्रिक अधिकारमाथि नै यो सरकारले प्रतिबन्ध लगाउन थालेको छ।

यो सरकारलाई, अनि नानी पाउनु कहिले कहिले कन्दनी बाट्नु अहिले भनेझैं यो कथित चुनावबाट भावी प्रधानमन्त्रीको लागि नाङ्गै दौडिइरहेका नेताहरूलाई र भोट हाल्ने आम नागरिकलाई मेरा केही गम्भीर प्रश्नहरू छन्- के यी प्रश्नको जवाफ उनीहरूसँग छ ?

१- जेनजी विद्रोह के यही एकथान चुनावका लागि थियो ? जेनजी विद्रोहमा ७६ जना युवाहरूले बगाएको रगत के कुनै अमूक व्यक्तिलाई प्रधानमन्त्रीको जागिर खुवाउनलाई हो ? के परिवर्तन भयो ? सत्ता, व्यवस्था र संविधानमा खोइ परिवर्तन ? ०८४ को चुनाव ०८२ मा ल्याउन यत्रो विध्वंश मच्चाउनेहरू को को हुन् ? निर्वाचनअघि नै यो सरकारले बनाएको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर्नु पर्दैन ?

२- जेनजी विद्रोहमा भएको विध्वंशको मुख्य दोषी राज्य प्रशासन हो। आन्दोलन दबाउन आदेश नचाहिने, देशको प्रमुख प्रशासनिक भवन र देशको अस्तित्वसँग जोडिएका सार्वजनिक महत्वका दस्तावेजसहितको सम्पत्तिको संरक्षण गर्न आदेश चाहिने ? नेपाली सेनाले कसको नूनको सोझो गरिरहेको छ ? नेपाली जनताको नूनको सोझो किन गरेन ? देश खरानी पारेर त्यसको भागवण्डाको लागि किन गर्नुपऱ्यो यो नाटक ? विदेशीसँग पैसा, गाडि, अन्य बन्दोबस्तका सामग्री मागेर गरेको चुनावले देशको हित गर्छ कि विदेशीको ? सेनाले किन यो देशको कानुन र संविधान मान्दैन ? किन समानान्तर सत्ता चलाइरहेको छ ?

३- जेनजी युवाहरू, जो अहिले यो संविधान र व्यवस्थाको महिमा गाइरहेका छन्। आफूलाई ज्ञाता भन्दै विभिन्न मिडियामा गलत भाष्यहरू प्रयोग गरिरहेका छन्। उनीहरूलाई सोध्न मन छ- विगत ३५ वर्षदेखिको यो संसदीय व्यवस्था, अनि करिब दुई दशकदेखिको यो संसदीय गणतन्त्रकै असफलता, भ्रष्ट, निकम्मा, नालायकीपनको परिणाम होइन- जेनजी विद्रोह ? यतिका बर्षमा किन रूपान्तरण भएन- कर्मचारीतन्त्रमा, बदलिनु पर्दैन नेपाली सेना ? के नेपाली सेनाको संस्थाभित्र भ्रष्टाचार छैन ? त्यहाँभित्र कति ठूलो भ्रष्टाचार छ ? सेनाभित्रको भ्रष्टाचारको विषयमा कुरा उठेको खोइ ? अनि कर्मचारी तन्त्र भ्रष्ट छैन ? कर्मचारीतन्त्रभित्रको भ्रष्टाचारको विषयमा किन बोल्दैनन् जेनजी अगुवा र अभियन्ता भन्नेहरू ? के संसदवादी राजनीतिक नेता वा पार्टी मात्रै भ्रष्ट हुन् र ? भ्रष्टाचारको मुहान कहाँ छ ? कर्मचारीतन्त्रमा छ। अदालतमा छ। सेना र प्रहरी प्रशासनमा छ। सिंगो संसदीय राज्य प्रणालीका सबै अवयव भ्रष्ट छ, नालायक छ, निकम्मा छ। यसलाई यथावस्थामा राखेर केवल मन्त्री, प्रधानमन्त्री, संसद वा समग्रमा जनप्रतिनिधिलाई मात्रै चोखो बनाउन खोजेर सम्भव हुने कुरा हो ? यो भनेको जनतालाई बेवकुफ बनाउने र दिउँसै रात पार्नुजस्तै हो। यतातिर खोइ ध्यान ? खोइ नजर ? अनि प्रणाली नबदली पात्र बदलेर देशमा सुशासन आउँछ ? देश समृद्ध बन्छ ?

४- अनि यो देश अहिलेसम्म किन समृद्ध बन्न सकेन ? कारण के हो ? किन यो देशका राजनीतिक पार्टीहरू आफूले बोकेका सिद्धान्त, विचार र एजेण्डामा अडिन सक्दैनन् ? किन उनीहरूले अहिलेसम्म मूल्यसहितको राजनीतिको थिति बसाल्न सकेनन्। किन आफ्नै माटोमा खुट्टा टेक्न सकेनन् ? किन स्वतन्त्रतापूर्वक निर्णय गर्न सकेनन् ? किन विदेशी शक्ति राष्ट्रहरू नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्छन्। किन वडास्तरका जनप्रतिनिधिहरू समेत लाइन लागेर एम्बुलेन्स, खानेपानीको धारा, स्कूल बस, विद्यालय भवनका लागि भन्दै दूतावास धाउछन् ? किन यो देशका कर्मचारीहरू, सेना र प्रहरीको उच्च पदस्त व्यक्तिहरू आफ्ना छोराछोरीहरू दूतावासको सिफारिशमा ती देशमा गएर पढ्छन् ? अनि ती अधिकारीहरूले देशका संवेदनशील सूचनाहरू कसरी सुरक्षित राख्न सक्छन् ? सामान्य राजदूतले बोलाउँदा चार हात उफ्रेर सगौरव दूतावास धाउने पूर्व प्रधानमन्त्रीहरू, उच्च पदस्थ कर्मचारी तथा सुरक्षा निकायका अधिकारीहरूबाट देशको स्वाधीनता कसरी जोगिन सक्छ ? अनि भविष्यमा प्रधानमन्त्रीको दौडमा रहेका व्यक्तिहरूले पहिले नै दूतावासको 'कार्यसूचि'मा सहि धस्काएका छैनन् भनेर विश्वास गर्ने आधार केही छ ? त्यसमाथि अहिले देशैभर दुईतिहाइ मत ल्याएर एकलौटी सरकार चलाउने भन्दै आएको पार्टीका सभापति नै निर्वाचन लक्षित सभामा गएर के बोल्ने भन्ने विषयमा राजदूतसँग स्वीकृति लिन जान्छन् भने त्यस्ता पार्टी र नेताहरूबाट नेपाली जनताले के आशा र विश्वास गर्न सक्छन् ? अनि यही पार्टीका भावी प्रधानमन्त्री उम्मेदवार अहिले नै तस्कर र माफियाको कठ्पुतली बनेको साबित हुन्छ भने कथम्कदाचित प्रधानमन्त्री भए भने देश र जनताले के कस्तो दुर्दशा व्यहोर्नुपर्ला ?

५- व्यवस्था नफेरी, जनताको अवस्था फेरिन्न। यो देशको सरकार स्वाधीन नभइ, देश आर्थिक रूपले आत्मनिर्भर बन्न सक्दैन। र, समृद्धि पनि हासिल हुन सक्दैन। यो कुरा ऐतिहासिक रूपले पटक पटक साबित भइसकेको कुरा हो। तसर्थ, २००७ सालको धोकापूर्ण असमान दिल्ली सम्झौता, त्यसयता भएको सैन्य सम्झौता, अन्य विभिन्न जलसम्पदा लगायत अन्य राष्ट्रहित विपरीतका सन्धि सम्झौताहरूको खारेजी नगरेसम्म यस्ता चुनावको कुनै अर्थ र औचित्य रहँदैन। नयाँ आधारमा पञ्चशील र असंलग्नतामा आधारित भई परस्पर हितलाई केन्द्रमा राखेर गरिने नयाँ सन्धिले मात्रै देशको स्वाधीनतालाई पुर्णरूपमा पुनर्स्थापित गर्न सक्छ।

त्यस्तै, नवउदारवादका अनेकौ सिकञ्जाले जेलिएको नेपालको अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष लगायतका अनेकौं सर्तहरूले बाँधिएर स्वतन्त्रतापूर्वक एक पाइला पनि हिड्न नसक्ने आर्थिक नीतिमा आमूल परिवर्तन गरिनु पर्दछ। विदेशी अनुदान, सहायतामा निर्भर भएर देशको कहिल्यै पनि विकास गर्न सकिन्न। देशको प्राकृतिक सम्पदा र मानवीय पुँजीमाथि विश्वास गर्दै अत्यावश्यक अवस्थामा मात्रै विदेशी ऋण लिने नीति लिएर नेपाली जनताको उत्पादकत्व क्षमतामा अभिवृद्धि गरेर मात्र देशलाई आत्मनिर्भर बनाउन सकिन्छ।

तसर्थ, अहिलेको परिस्थितिमा यो प्रायोजित निर्वाचनको कुनै औचित्य छैन। निर्वाचन सशक्त रूपमा बहिस्कार गर्नुको विकल्प छैन। निर्वाचन बहिस्कार गर्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो। शान्तिपूर्ण निर्वाचन बहिस्कारका कार्यक्रममा प्रतिबन्ध लगाउनु, आम जनतामा निर्वाचन बहिस्कारका लागि अपिल गर्ने नेताहरूलाई पक्राउ गर्नु, यातना दिनु लोकतन्त्रको उपहास हो। संविधान प्रदत्त विचार अभिव्यक्ति स्वतन्त्रताको अधिकारको खिल्ली उडाउनु हो र यो उनीहरूले नै भन्ने गरेको मानव अधिकारको गम्भीर उलंघन पनि हो। यसर्थ, बरु जेल जाने हो तर निर्वाचन सशक्त रूपमा बहिस्कार गरेरै छाड्ने हो।

## नेताहरू...

पार्टीका अध्यक्ष ऋषि कट्टेल र नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का महासचिव धर्मेन्द्र बास्तोलालाई पक्राउ गरिएको भन्दै सरकारको विरोध गरेको छ।

समितिले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै पक्राउ परेका दुवै नेताको तत्काल र बिनाशर्त रिहाइको माग गरेको छ। संयुक्त संघर्ष समितिका संयोजक सीपी गजुरेलद्वारा जारी विज्ञप्ति अनुसार, अध्यक्ष ऋषि कट्टेललाई आज दिउँसो करिब १२ बजे कीर्तिपुरको ट्याङ्लास्थित पार्टी कार्यालयबाट पक्राउ गरिएको हो। प्रहरीले बिना कारण र बिना पक्राउ पुर्जी उनलाई नियन्त्रणमा लिई हाल टेकुस्थित अपराध महाशाखामा राखेको जनाइएको छ। त्यस्तै, नेकपा (बहुमत) का महासचिव धर्मेन्द्र बास्तोलालाई हिजो काठमाडौंको खिचापोखरी क्षेत्रबाट गिरफ्तार गरिएको थियो।

चार दल र क्रान्तिकारी शक्तिहरू मिलेर बनेको संयुक्त संघर्ष समितिले आगामी संसदीय निर्वाचन बहिष्कार गर्ने नीति अख्तियार गरेको छ।

सोही बहिष्कारको नीतिका कारण नै सरकारले प्रतिशोध साँधेर नेताहरूलाई पक्राउ गरेको समितिको जिकिर छ। विज्ञप्तिमा सुशीला कार्की नेतृत्वको सरकारलाई 'कठपुतली' को संज्ञा दिँदै यो गिरफ्तारीलाई फासीवादी कदम भनिएको छ।

वक्तव्यमा भनिएको छ, यो गिरफ्तारी संविधान प्रदत्त नेपाली नागरिकलाई विचार अभिव्यक्तिको मौलिक अधिकारबाट बञ्चित गर्ने फासीवादी कदम हो।

## फागुन २१...

गएको छ। हुँदा हुँदा देशै नरहने हो कि भन्ने संत्रास पैदा भैरहेको छ। यी सबै समस्याको जरो कारण दलाल तथा नोकरशाही पुँजीवाद हो। यसको समूल बिस्थापन गरेर मात्रै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका तमाम् समस्या समाधान गर्न सकिन्छ। तसर्थ, फागुन २१ को निर्वाचन सशक्त रूपमा बहिस्कार गर्नुपर्छ। अखिल (क्रान्तिकारी)ले सशक्त रूपमा बहिस्कार गर्छ र सबै आम देशभक्त, स्वाभिमानी र न्यायप्रेमी युवा विद्यार्थीहरूलाई सशक्त रूपमा बहिस्कारका निम्ति हार्दिक अपिल र आव्हान पनि गर्दछ।"

त्यसैगरी संगठनका उपाध्यक्ष नेत्र शाहीले भन्नुभयो, "शिक्षा बेचबिखनको साधन बनाएर श्रमजीवी वर्गका छोराछोरीले पढ्नै नसक्ने अवस्थाबाट मुक्त गराउन अब अखिल (क्रान्तिकारी) सडकको सिंह बनेर गर्जने छ।" उहाँले शैक्षिक रंगमञ्चमा शिक्षा बजार दलाल तथा नोकरशाही बर्ग लागि नयाँ लुटिखाने सुरक्षित लगानी क्षेत्र बनेको भन्दै शिक्षामा भएको निजीकरण, व्यापारीकरण र माफियाकरणको अन्त्य गरेरै छाड्ने बताउनु भयो।

त्यसैगरी संगठनका सचिव दिनेश जोशी शैक्षिक विकृतिक विसंगतिका विरुद्ध अब अखिल .(क्रान्तिकारी)ले व्यवस्थित रूपमा आन्दोलन अगाडि बढाउने बताउनु भयो। त्यसैगरी अर्का सचिव सचिव नरबहादुर कुमालले नेपालको सही र वैज्ञानिक शिक्षा प्रणालीको रोड्म्याप आफूहरूसँग रहेको भन्दै शिक्षा क्षेत्रलाई आमूल रूपले परिवर्तन गर्न अपरिहार्य रहेको स्पष्ट पार्नुभयो।

अर्का सचिव प्रवेश रुम्बाले साम्राज्यवादद्वारा प्रायोजित निर्वाचनको रापताप चलिरहेको बेला एकथरी युवा विद्यार्थीहरू भोट बैंकको भुमिका निभाउन मरिहत्ते गरेर लागिरहेको टिप्पणी गर्दै फागुन २१ को कथित निर्वाचनले कुनै समस्याको समाधान नगर्ने भएकोले अखिल (क्रान्तिकारी)को सम्मेलनले सशक्त रूपमा बहिस्कार गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

कार्यक्रमको सञ्चालन संगठनका महासचिव नवीन खड्काले गर्नुभएको थियो।

## नवलपरासी...

बर्दघाट-२ चिसापानीको निवास, रास्वपा उम्मेदवार बिक्रम खनालको बर्दघाट-१० धुब्रटोलमा निमार्णाधिन घर र माओवादी उम्मेदवार राजु प्रसाद हरिजनको बर्दघाट-३ लघुनाहाको घरमा कालो झण्डा र ब्यानर राखिएको थियो।

साम्राज्यवादद्वारा प्रायोजित निर्वाचनले राजनीतिक निकास दिन नसक्ने भएकोले उम्मेदवारहरूलाई सचेत बनाउन कालो झण्डा र ब्यानर राख्ने कार्यक्रम गरिएको सो पार्टीका बैकल्पिक केन्द्रीय सदस्य एवं जिल्ला सेक्रेटरी रवि पाण्डेयले जानकारी दिए। पार्टी केन्द्रको योजना अनुसार झण्डा राख्ने कार्यक्रमलगायत शान्तिपूर्ण बिरोध कार्यक्रम जारी रहने समेत उक्त पार्टीले जनाएको छ। जिल्लामा निर्वाचन बहिष्कार गर्ने चार दल सम्मीलित संयुक्त संघर्ष समिति, संयुक्त जेनजी समुहलगायत क्रियाशिल छन्। चुनावीमै सहभागी दलहरू बीच समेत अस्वस्थ्य प्रतिस्पर्धा र झगडाले निर्वाचनको शान्ति अमनचयनको अवस्था बारे जिल्लाबासीलाई थप चिन्तित बनाएको जानकारहरू बताउछ्न। जमुनियामा बिप्लव नेकपाका नेताहरू र दबिलामा एमाले कार्यकर्ता माथि रास्वपा कार्यकर्ताले कुटपिट गरेको भन्दै बिरोध जनाएपछि घटना सम्लग्न अजय गौतमलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## अमरगढी...

रहेको स्थानीयको भनाइ छ।

स्थानीयले फोहोर व्यवस्थापनका लागि वैकल्पिक र उपयुक्त स्थान छनोट गर्न माग गर्दै माग सम्बोधन नभए आन्दोलन थप चर्काउने चेतावनी दिएका छन्।

उल्लेखनीय छ कि डडेल्धुरा पुर्व प्रधानमन्त्री शेरबहादुर देउवा को गृहजिल्ला हो। उनी सो जिल्लाबाट सातपटक निर्वाचित भई पाँचपटक प्रधानमन्त्री भइसकेका छन्। यसपटक भने उनी चुनावी प्रतिस्पर्धामा छैनन्।

## सेना दिवसमा...

दह्रो बनाउन जोडदार माग गर्दछ। यसको साथै हामी नेपाली देशभक्त, क्रान्तिकारी-लोकतन्त्रवादी, वामपंथी शक्ति र जनसमुदायलाई राष्ट्रिय स्वाधीनताका लागि सचेत रहन र संयुक्त मोर्चा निर्माणका लागि अघि बढ्न समेत आह्वान गर्दछौं।"

## चुनावी...

र माओवादीले यसभन्दा अगाडिका निर्वाचनहरूमा, खासगरेर संविधानसभा निर्वाचन २०६४ देखि ०७० र त्यसपछि प्रतिनिधिसभा निर्वाचन ०७४, ०७९ का निर्वाचनहरूमा कांग्रेस, एमाले र माओवादीले जनतालाई अकल्पनीय आश्वासनहरू बाँडे। खासगरेर विजुली उत्पादन, सडक, खानेपानी, रोजगारी, पुल, शिक्षा, स्वास्थ्य, खाद्यान्न, लगायत प्रतिव्यक्ति आयमा वृद्धि, आदिका बारेमा ठूलाठूला सपना देखाए। त्यसबारे व्याख्या गर्ने हो भने त्यसको सूची धेरै लामो हुनेछ। दश वर्षमा नेपाललाई स्वीटजरलैण्ड बनाइदिने, नेपालका नदीमा पानी जहाज चलाउने, घरघरमा ग्याँस पाइप जोडिदिने, पूर्व पश्चिम रेल गुडाउने, केरुङदेखि पोखरा, काठमाडौं हुँदै लुम्बिनी सम्म रेल गुडाउने, विद्युतको क्षेत्रमा १० वर्षमा दशहजार मेघावाट विद्युत उत्पादन गर्ने। सिंचाई विस्तार, सडक विस्तार, मध्यपहाडी लोकमार्ग, काठमाडौंमा मेट्रो ट्रेन, सम्पन्न गर्ने आदि कैयौं आश्वासनहरू विगतमा ठूला दलहरू घोषणापत्र मार्फत् जनतालाई दिए। ती मध्ये आंशिक कामहरू भए पनि समग्रतामा झुठो आश्वासन सावित भएका छन्। घोषणापत्रमा भने जस्तो काम गर्नु त परै छ, देशमा भ्रष्टाचार, कमिशनखोरी, महंगी, बेरोजगारी, तस्करी, मानवतस्करी, नातावाद, परिवारवाद, जस्ता अत्यन्त घृणित कार्यमा दलका नेता, मन्त्री, सांसदहरू संलग्न भए। त्यसले गर्दा ठूला दलहरू प्रति जनताको विश्वास गुम्दै गयो।

जनतामा दलहरूप्रतिको व्याप्त निराशा, असन्तुष्टि र घृणाको फलस्वरूप भाद्र २३ र २४ को जेनजी विद्रोह को रूपमा विस्फोट भयो। तर त्यो विद्रोहलाई अमेरिकन साम्राज्यवाद र भारतीय विस्तारवादका एजेण्टहरूले त्यसलाई बीचैबाट अपहरण गरेर संसद विघटन र सरकार परिवर्तनको स्तरसम्म पुऱ्याए। त्यही कठपुतली सरकारले फागुन २१ मा आम निर्वाचन सम्पन्न गराउँदै छ। यतिबेला जनतालाई नयाँ ढंगले कसरी विश्वासमा लिने भनेर दलहरूभित्र खैलाबैला छ। साम्राज्यवादीहरू पार्टीभित्रैबाट विद्रोह गराउने कार्यमा लागेका छन्। परिणामस्वरूप नेका फुट्दा फुट्दै बच्यो। तर नेतृत्व परिवर्तन भयो। एमाले पनि फुट्दाफुट्दै बच्यो। तर नेतृत्व परिवर्तन भएन। माओवादी केन्द्रमा ठूलो विभाजन आयो। अन्य साना दलहरू मिलाएर प्रचण्डले आफ्नो नेतृत्व कायम राख्न सफलता प्राप्त गरे। गगन थापा नेतृत्वमा आएपछि "बदल्यौं कांग्रेस, बदल्छौं देश" भन्ने नारा निश्चित गरेर आफूलाई नयाँ कांग्रेस देखाउने प्रयास गरेका छन्। महाधिवेशनपछि पत्रकार सम्मेलनबाट कांग्रेसले 'देशभरी नै सुशासन र समृद्धि" ल्याउने युवा नेता गगन थापालाई देशको भावी प्रधानमन्त्री भनेर प्रचार गर्ने योजना बनायो। उसले फागुन ६ गते चुनावी घोषणापत्र जारी गर्दैछ। एमालेले पनि अहिलेसम्म जारी गरेको छैन, ६ गते जारी गर्ने भनेको छ। उनीहरूबाट पनि कुनै आमूल परिवर्तन हुने प्रकारको योजना आउने छैन। पुरानोको निरन्तरता हुनेछ। नेकपाले भने चुनावी घोषणापत्र जारी गरिसकेको छ। आगामी ५ वर्षभित्र वार्षिक १० प्रतिशत भन्दा आर्थिक वृद्धिदर बढाउने, प्रतिवर्ष एक लाख ५० हजार थप रोजगारी सिर्जना गर्ने, ५ वर्षभित्र कम्तीमा ५ लाख नियमित रोजगारी सिर्जना गर्ने, २ वर्षभित्र धान, गहुँ, तरकारी, फलफूल, दुध, मासु र माछामा आत्मनिर्भर हुने, ५ वर्षभित्र थप १०००० मेघावाट विद्युत उत्पादन गर्ने, २ वर्ष भित्र मुक्त कमैयाको पुनर्स्थापना सम्पन्न गर्ने, लगायत सयवटा स्मार्ट भिलेज, २० वटा शहर स्मार्ट सिटी, हरेक परिवारलाई सफा पानी, नयाँ आवास, नवीकरणीय उर्जा आदि थुप्रै आकर्षक योजनाहरू प्रस्तुत गरिएका छन्। यो घोषणापत्र पनि विगत भन्दा कम छैन। विगत कै निरन्तरता हो। कांग्रेस र एमालेको घोषणापत्र पनि यस्तै प्रकारको आउने देखिन्छ। किनकि घोषणापत्रमा लेख्ने कार्यमा कोही भन्दा कोही कम देखिंदैनन्।

विगतमा यसप्रकारका चुनावी घोषणापत्रहरू प्रशस्त आउने गरेका थिए। सरकारमा नगएका दलहरूलाई त घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धताहरू पूरा गर्न नसकेको अवस्थामा मतदाताहरूले प्रश्न उठाउने कुरा भएन। तैपनि उनीहरू आफ्नो चुनावी क्षेत्र प्रतिको उत्तरदायित्वसम्म पूरा गरेमा जनताले प्रश्न उठाउँदैनन्। यदि चुनावी क्षेत्रको काम पनि पूरा गरेन भने जनताले प्रश्न उठाउँछन्। तर चुनाव जितेर सरकारमा गएपछि पनि घोषणापत्रका प्रतिबद्धताहरू पूरा गर्दैन भने जनताले प्रश्न उठाई हाल्छन्। अहिले मतदाताहरूले उम्मेदवारसित खरो तरिकाले प्रश्न गरिरहेका छन्। त्यो सकारात्मक पक्ष हो।

संसदीय निर्वाचनमा झुठो नबोलिकन कुनै पनि उम्मेदवारले जित्ने अवस्था रहँदैन। यदि उसले सत्य कुरो बोल्छ, वा गर्न सक्ने कुरा मात्र गर्छ भने त्यसको पछाडि मतदाता लाग्दैनन्। कतिपय देशभक्त, क्रान्तिकारी साना पार्टी वा इमान्दार उम्मेदवारहरूले निर्वाचनमा जीत हासिल गर्न नसक्नुका पछाडि त्यही कारण हो। यो व्यवस्थाले नेतालाई मात्र होइन, जनतालाई पनि भ्रष्ट बनाउने गरेको छ। जनताले असम्भव हुने माग राख्नु, मतदाताहरूका लागि रकम माग्नु , भोज गर्न पैसाका लागि दबाब दिनु आदिले के बताउँछ भने जनताले पनि उम्मेदवारहरूलाई त्यो दिशामा जान प्रेरित गरेका हुन्छन्। को उम्मेदवार सक्षम छ भन्नु भन्दा पनि कसले बाइकमा तेल भर्छ, होटेलको खर्च तिरिदिन्छ, गोजीमा पैसा भरिदिन्छ, कसले हातमा नगद पैसा दिन्छ भन्ने आधारमा मूल्यांकन गरेर भोट हाल्ने निर्णय गर्छन्। स्वयं राजनीतिक दलहरूले पनि समानुपातिक वा प्रत्यक्षमा उम्मेदवारबाट करोडौं रकम असुल गर्छन्। केही प्रतिनिधि घटनाहरू विगतको निर्वाचनमा मात्र होइन, यसपाली पनि दोहोरिएका छन्। यसरी निर्वाचन देश र जनताको अवस्थामा सुधार, उन्नति वा समृद्धिका लागि नभएर एउटा व्यापार बनाईएको छ। एउटा यस्तो व्यापार जहाँ नेपालका धनाढ्य, कालाबजारी या, तस्कर, माफियाहरू ठूलो संख्यामा प्रवेश गर्छन् र निर्वाचनमा लगानी पनि गर्छन्। बालेन चढेको मालपानीको गाडी प्रकरण एउटा उदाहरण हो। त्यति मात्र होइन, पहिलो संविधान सभा देखि नै क्रिश्चियनहरूले पार्टीहरूलाई पैसा लगानी गर्ने र आफ्ना उम्मेदवार पनि उठाउने गर्छन्। अहिले कै निर्वाचनमा पनि १९ जना पास्टरहरूलाई रास्वपाले उम्मेदवार बनाएको चर्चा छ।

कांग्रेस नेतृ आरजु राणाले एक पटक भनेकी थिइन - गरिबहरू संसदमा उठेर केही गर्न सक्दैनन्। उनीहरूको हैसियत पुग्दैन। संसदमा त धनीहरू उम्मेदवार हुनुपर्छ। अहिले रास्वपाले जारी गरेको 'नागरिक करार'मा पनि त्यही कुरा उठाइएको छ। 'करार' को दोस्रो प्राथमिकतामा "मध्यवर्गीय विस्तारको काम गर्ने" भनिएको छ। त्यसमा शोषित उत्पीडित जनताको आर्थिक अवस्थामा सुधार ल्याउने कुरा गरिएको छैन। 'मध्यम वर्गीय विस्तार' भनिएको छ। त्यसका लागि रास्वपाको योजना छ- आउने दिनमा प्रतिव्यक्ति आय ३ हजार डलर नघाउने र कुल ग्राहस्र्थ उत्पादनको आकार एक सय अर्ब डलर पुऱ्याउने। यसप्रकारका लक्ष्यहरू हेर्दा त मनमोहक हुन्छन्। तर त्यसको लागि पूर्वाधार वा भौतिक अवस्थाबारे उनीहरूको कुनै योजना बारे ज्ञान हुँदैन। घोषणापत्रहरूमा "आकाशको तारा टिप्ने" कुरा गरेर जनतालाई मख्ख पारिन्छ। जनता पनि उम्मेवारलाई ठूलो शक्तिशाली पुरुष जस्तो ठान्छन् र उनीहरू प्रति विश्वास गर्छन।

यो संसदीय निर्वाचनको निरन्तर प्रक्रिया हो। धेरै टाढा जानु पर्दैन। एमालेले तुईन विस्थापित गर्ने भनेको कति वर्ष भयो ? तर पटकपटक सरकारको नेतृत्व गर्दा पनि एमालेले तुईन हटाएन र आज पनि बालबालिकाहरू झुण्डिएर खोलो तर्दा कत्तिको ज्यान जाने गरेको छ। यस्तै साना साना कुराले गर्दा केपी वलीप्रति जनता आक्रोशित भएका हुन्।

एमसीसीका लागि ५१ करोड लगानी अमेरिकाबाट ल्याउने काम गरेकोमा स्वर्णीम वाग्लेले गर्व साथ गफ गर्छन्। त्यही विकासका कुरा गरेर कांग्रेस छाडेर पनि तनहुँबाट उनले अत्याधिक मत ल्याएर सांसद बनेका थिए। तर एमसीसीका साथमा एसपीपी र आईपीएस पनि आउँदैछ। त्यसैको पूर्व अभ्यास स्वरूप फागुन ३ गते सैनिक दिवसको सन्दर्भमा अमेरिकी सेनाले बैण्ड परेड मार्च गरेको छ। जनताको मनमा क्रमशः अमेरिकी सेनालाई बसाल्न थालिएको छ। ता कि अमेरिकी सेनाको ठूलै शक्ति प्रवेश गर्दा नेपालीहरू एक्कासी नअत्तालिउन्। अमेरिकी साम्राज्यवाद किन हाम्रो टुंडिखेलमा परेड खेल्यो ? त्यसबारे एमसीसी ल्याउने स्वर्णिम वाग्ले के जवाफ दिन्छन् ?

आज कांग्रेस, एमाले, नेकपा, रास्वपाले आफ्ना घोषणापत्रहरूमा "आकाशका तारा टिप्ने" वाचा तथा प्रतिबद्धताहरूको घोषणा गरे पनि ती प्रतिबद्धताहरू विगतकै वाचा कबोल जस्ता हुने छन्। घोषणापत्र हेरेर समर्थन वा विरोधको कुनै अर्थ छैन। दलाल पुँजीवादी व्यवस्थामा राष्ट्रिय उद्योगधन्दा वा व्यापारलाई प्रमुखता दिइदैन। दलाल मानसिकता बोकेका पार्टी वा नेताहरूले न त राष्ट्रिय पुँजीको विकास गर्न सक्छन्, न राष्ट्रिय स्वाधीनताको रक्षा गर्न सक्छन्। कुनै पुँजीवादी वा साम्राज्यवादी देशको आड भरोसामा केही विकासका काम भए पनि देशको समग्र विकास हुँदैन। त्यसकारण जनताले कुनै पार्टी वा उम्मेदवारले विकास गरिदिन्छ वा समाजको अवस्था परिवर्तन गरिदिन्छ भन्ने जुन मानसिकता छ, त्यसलाई परित्याग गर्नुपर्छ। देशको वा समाजको विकासका लागि पहिलो कुरो राजनैतिक व्यवस्था वैज्ञानिक र उत्पीडित, सर्वहारावर्गको नेतृत्व गरिएको हुनुपर्छ। त्यो राजनैतिक व्यवस्था भनेको नयाँ जनवाद, वैज्ञानिक समाजवाद हो। देशमा उद्योग कलकारखाना स्थापना हुनुपर्छ। सामन्ती भूमि व्यवस्था अन्त गरिनुपर्छ। सामुहिक उत्पादन प्रणालीमा सामूहिक स्वामित्व कायम गरिनुपर्छ। देशका सम्पूर्ण स्रोतहरू, खानी नदी, जंगल सबैको लागि सदुपयोग गरिनुपर्छ। प्राकृतिक सम्पदामाथिको विदेशी स्वामित्व समाप्त पारिनु पर्छ। सम्पूर्ण युवाहरूलाई औद्योगिकरण, कृषि, पर्यटन, खानी उद्योगमा लगाउनु पर्छ। अर्थतन्त्रमा भएको विदेशी हस्तक्षेप माथि रोक लगाउनुपर्छ। तब मात्र देश विकास तर्फ अग्रसर हुन सक्छ।

जेनजी विद्रोहले पुरानोको ठाउँमा "नयाँ" ल्याउने हल्ला गरेको थियो। तर 'नयाँ' हरू पनि त्यही पुरानो बाटोमा लागेको छ। देशमा परिवर्तन ल्याउने कुरा पुँजीवादी चिन्तनबाट असम्भव छ। त्यसको लागि समाजवादी चिन्तनको आवश्यकता पर्दछ। जनता यदि 'नयाँ' को नाममा पुरानो सितै दौडिन्छन् भने देशमा कुनै परिवर्तन आउन सक्दैन। त्यसकारण बतासे गफ र हावादारी आश्वासनका पछाडि नलागेर क्रान्तिकारी चिन्तनतर्फ लाग्नु पर्ने वस्तुगत अवस्थाले नै पुष्टि गरेको छ।


**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- www .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

# आलोपालो

## बरु जेल जाने, निर्वाचन चाहिँ सशक्त रूपले बहिस्कार गर्ने

● प्रवीण ●




-यो निर्वाचन प्रायोजित हो। बन्दुकको घेराभित्र निर्वाचनको प्रहसन गरिदैछ। पहिलो र चौथो घेरामा नेपाली सेना, दोस्रो र तेस्रोमा सशस्त्र र जनपद परिचालन

बाँकी ७ पेजमा


## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकृतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विदालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**शिक्षासम्बन्धी हकको उपयोग गरौं ।**

**शि:शुल्क, अनिवार्य, समान पहुँचयुक्त, र समावेशी शिक्षा सुनिश्चित गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# सुशिला सरकारले भारतसँग गर्‍यो सुपर्दगी सन्धिजस्तै सम्झौता, पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर




काठमाडौं। जाँदा जाँदै सुशिला कार्की नेतृत्वको अन्तरिम सरकारले भारतसँग रणनीतिक महत्वको सम्झौता गरेको छ। नेपाल र भारतबीच पहिलो पटक फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ। कानुनी क्षेत्रका विज्ञहरूले यसलाई सुपर्दगी सन्धिको नयाँ संस्करण बताएका छन् ।

मंगलबार भएको सम्झौतामा नेपाल सरकारका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई र भारत सरकारका तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले हस्ताक्षर गरे ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर भएको मन्त्रालयका प्रवक्ता दलबहादुर अधिकारीले बताएका छन्। सरकारको मन्त्रिपरिषद् बैठकले गत असोज ३० मा उक्त सम्झौता गर्ने निर्णय गरेको थियो ।

यो सम्झौता भएसँगै के हुन्छ भन्ने चासो उब्जिएको छ। मन्त्रालयका प्रवक्ता अधिकारीले राससँग बताएअनुसार यो सम्झौतापछि फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा प्रमाण संकलन तथा आदानप्रदानलगायत विषयमा दुवै मुलुकका अधिकारीबीच सहयोग आदानप्रदान गर्न विधिवत् रूपमा मार्ग प्रशस्त भएको छ ।

सम्झौताले विधिको शासन सुदृढीकरण गर्न तथा न्याय प्रशासनमा संस्थागत समन्वय अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने दाबी गरिएको छ। सम्झौताले नेपालमा हुने वित्तीय अपराध न्यूनीकरण गर्न तथा अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई थप प्रभावकारी बनाउन कोशेढुंगा हुने दाबी गरिएको छ ।

यो सम्झौताले सम्पत्ति शुद्धीकरण तथा आतंकारी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्नेसम्बन्धी पारस्परिक मूल्यांकनमा थप मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ ।


पारस्परिक कानुनी सहायता सन्धि भनेको दुई वा दुईभन्दा बढी देशबीच हुने एउटा औपचारिक सम्झौता हो, जसअन्तर्गत ती देशहरूले फौजदारी अपराधसम्बन्धी अनुसन्धान, अभियोजन र कानुनी कारबाहीमा एक-अर्कालाई सहयोग गर्ने सहमति जनाउँछन् ।

यो सम्झौता भएपछि अब नेपालमा अपराध गरेर भारतमा लुकेका अभियुक्त तथा भारतमा अपराध गरेर नेपालमा लुकेका अभियुक्त पक्राउ गरेर एक अर्कालाई बुझाउने नभई अनुसन्धानमा सहयोग गर्ने, सूचना आदान प्रदान र प्रमाण संकलनमा सहयोगको रूपमा बुझ्नुपर्ने भनिए पनि सुपर्दगी गर्ने हैसियतकै सम्झौता भएको जानकारहरूको दावी छ ।

यसबाट ठगी, मानव बेचबिखन, मनी लन्डरिङ, आतंकवाद, साइबर अपराधमा संलग्न व्यक्तिको पहिचान र निगरानी गर्दै फौजदारी कारबाहीमा सहयोग पुग्ने दाबी गरिएको छ ।

# धादिङ बस दुर्घटनामा १७ जना मृत्यु ,२८ जना घाइते

काठमाडौं। गए राति धादिङको बेनिघाट रोराङ्ग गाउँपालिका-५ भैंसेगौडा भन्ने स्थानमा भएको बस दुर्घटनामा परी १७ जना मृत्यु ,२८ जना घाइते भएका छन् ।



पोखराबाट काठमाडौं आउँदै गरेको ग १ ख १४२१ नम्बरको यात्रु बस राति करिब एक बजे त्रिशूली नदी किनारमा खस्दा ६ महिला र ११ पुरुष गरी १७ जनाको मृत्यु भएको छ। २ ८ जना घाइतेलाई उद्धार गरी विभिन्न अस्पताल पठाइएको छ। डुंगाको सहायताबाट यात्रुहरूलाई करिब एक किलोमिटर तलसम्म पुर्‍याएर, त्यहाँबाट सडकमा उकालेर, एम्बुलेन्समा राख्दै अस्पताल पठाइएको थियो। दुर्घटनास्थलमा सेना, सशस्त्र र नेपाल प्रहरीको टोलीले मृतक र घाइतेहरूको उद्धार गरेका थिए ।

## निर्वाचन...

भन्दै त्यसको बहिष्कार गर्न आह्वान गरेका छन्। उनीहरूले राष्ट्रिय स्वाधीनता, आत्मनिर्भर अर्थतन्त्र र वैकल्पिक शासन व्यवस्थाको पक्षमा जनमत निर्माण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको जानकारी दिएका छन् ।

घरदैलो कार्यक्रमका क्रममा स्थानीय नागरिकसँग प्रत्यक्ष संवाद गरी पार्टीको धारणा, नीति तथा कार्यक्रमबारे जानकारी गराइएको बताइएको छ। साथै, प्रचार सामग्री वितरण गर्दै आगामी निर्वाचनमा सहभागी नहुन आग्रह गरिएको स्रोतले जनाएको छ।

अभियान शान्तिपूर्ण रूपमा सम्पन्न भएको र कार्यक्रमका क्रममा कुनै अप्रिय घटना नघटेको जिल्ला समितिले जनाएको छ। क्रान्तिकारी कम्युनिष्ट पार्टीले आगामी दिनहरूमा पनि जिल्लाका अन्य क्षेत्रहरूमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

त्यसैगरी, नवलपरासीमा जेनजी आन्दोलनका दमनकर्ता र दुरूपयोगकर्तालाई जिताउन आन्दोलनको भावना बिपरीत साम्राज्यवादको प्रायोजनमा गरिएको संसदीय निर्वाचनको सशक्त बहिष्कार गरौ भन्दै नमूना मतपत्र च्यातिएको छ। संयुक्त संघर्ष समितिको तर्फबाट उक्त नमूना मतपत्र च्यातिएको हो। नवलपरासीको सुस्ता १ वनदेवी , वर्दघाट १६केराबारी लगायतका ठाउँमा घरदैलो गर्दै नमूना मत पत्र च्यातिएको छ ।

उता डडेल्धुरा जिल्ला अन्तर्गत अमरगढी नगरपालिका-६ का स्थानीय बासिन्दाले आगामी प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका छन्। फोहोरमैला व्यवस्थापनको विषयलाई लिएर असन्तुष्टि जनाउँदै उनीहरूले हिजोऔपचारिक घोषणासभा नै आयोजना गरेर चुनावमा सहभागी नहुने निर्णय सार्वजनिक गरेका हुन् ।

स्थानीयका अनुसार नगरपालिकाले सुरुमा अमरगढी-५ भजनपुर नजिकैको गुनेगाड क्षेत्रमा कागती खेती गर्ने योजना रहेको जानकारी दिएको थियो। तर पछि सोही स्थानमा फोहोर फाल्न सुरु गरिएको भन्दै उनीहरू आक्रोशित बनेका छन्। फोहोरविरुद्ध संघर्ष समितिका अध्यक्ष गंगा ताम्राकारले नगरपालिकाले वास्तविक योजना लुकाएर जनतालाई भ्रममा पारेको आरोप लगाए ।

उनले उक्त क्षेत्र फोहोर व्यवस्थापन केन्द्रका लागि उपयुक्त नभएको भन्दै पटक-पटक विरोध जनाए पनि माग बेवास्ता गरिएको बताए। बस्ती नजिकै रहेको, खानेपानीका मुहान, सिँचाइको स्रोत तथा विद्यालय जाने बाटोसमेत प्रभावित हुने भएकाले सो स्थान अनुपयुक्त रहेको स्थानीयको भनाइ छ ।

स्थानीयले फोहोर व्यवस्थापनका लागि वैकल्पिक र उपयुक्त स्थान छनोट गर्न माग गर्दै माग सम्बोधन नभए आन्दोलन थप चर्काउने चेतावनी दिएका छन्।

उल्लेखनीय छ कि डडेल्धुरा पुर्व प्रधानमत्री शेरबहादुर देउवाको गृहजिल्ला हो। उनी सो जिल्लाबाट सातपटक निर्वाचित भई पाँचपटक प्रधानमन्त्री भइसकेका छन्। यसपटक भने उनी चुनावी प्रतिस्पर्धामा छैनन् ।

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले तेस्रो चरणका कार्यक्रम पनि अगाडि बढाइसकेको छ। तेस्रो चरणको कार्यक्रममा हरेक उम्मेदवारको घरमा कालोझण्डा राख्ने, गाउँ तथा नगरका मुख्य चोकमा बहिस्कारको नारा लेखिएको ब्यानर राख्ने, भ्रष्ट उम्मेदवारहरूलाई छानेर कालोमोसो दल्ने र स्थानीय विशेषतामा आधारित रही अन्य सिर्जनात्मक ढंगले बहिस्कारका अन्य स्वरूपहरू प्रयोग गर्न सकिने पनि पार्टी एचक्यूले पार्टीपंक्तिलाई निर्देशन दिएको सम्बद्ध पार्टी स्रोतले जानकारी दिएको छ ।

पार्टीका महासचिव गौरवले केन्द्रीय संयुक्त संघर्ष समितिका कार्यक्रमहरूसँग तालमेल मिलाएर संघर्षका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्देशन दिनुभएको छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।